का.जि.प्र.का.द.नं. १००/०५९/६०
१ भदौ २०८२
आइतबार
17 August 2025
Sunday
नेपाल संवत् ११४५
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २३, अंक १९६ । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com



# अर्बौंका विकास आयोजना अलपत्र
# म्याद थपिएको थपिएकै

समयमै काम गर्न ठेकेदारलाई कस्नुपर्नेमा सरकार उल्टै नरम भइदिँदा दर्जनौं विकास आयोजना सम्झौताअनुसार समयमै बन्ने वातावरण बनिरहेको छैन ।

दर्जनौं ठाउँमा ठेक्का सम्झौताअनुसार समयमै पुल बन्न नसक्दा डुंगाको सहारा

निर्माणकै क्रममा जीर्ण बन्यो छात्रावास, भवनमै उम्रियो रुख

**धर्मेन्द्रकुमार साह/मध्यान्ह**
रौतहट, ३१ साउन

पूर्वपश्चिम हुलाकी राजमार्गस्थित रौतहट-सर्लाही जोड्ने दुर्गा भगवती गाउँपालिकाको बडहरवामा बागमती नदीमा पुल निर्माण सुरु भएको १६ वर्ष भयो । निकै तामझामका साथ शिलान्यास गरिएको पुल समयमा निर्माण भएको भए स्थानीयको सकसपूर्ण यात्राले पार पाइसकेको हुन्थ्यो । तर, समयमै काम हुन सकेन र अझै पनि स्थानीय जोखिमपूर्ण यात्रा गर्न वाध्य छन् ।

दुर्गा भगवती गाउँपालिका-३ बडहरवाका नरेन्द्र बैठाकाअनुसार 'दैनिक ज्यालादारीदेखि सामान्य काम गर्न पनि सदरमुकाम गौर पुग्नुपर्ने बाध्यता छ । बागमती नदीमा पुल नबन्दा सदरमुकाम आवतजावत गर्दा निकै सास्ती भोग्नुपर्छ ।'

पूर्व-पश्चिम तराई मधेश जोड्ने हुलाकी राजमार्गमा निर्माणाधीन सो पुल निर्माण हुन नसक्दा सर्लाही र रौतहटको दक्षिणी भेगका नागरिक बासको लचका र डुंगामा जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् । स्थानीयले सञ्चालन गरेका तीन/चारवटा डुंगामा कोचाकोच गरेर बागमती नदी वारपार गर्नुपर्ने >>> पृष्ठ २ मा

## २० वर्षसम्म बनेन छात्रावास

भारतीय दूतावासको सहयोगमा गौरको जुद्ध माविमा निर्माधीन छात्रावास निर्माणको काम दुई दशकदेखि ठप्प छ । उक्त भवनको काठमाडौंको गोर्खा, स्काई र क्यानिजियो कन्ट्रक्सन जेभीले संयुक्त रूपमा १ करोड ९८ लाख ९९ हजारमा टेन्डर सकार गरी २०६२ साल पुस १४ गते सम्झौता गरेको थियो । सोही वर्ष काम सुरु गरी २०६४ असार १३ गतेभित्र सम्पन्न गरी हस्तान्तरण गर्नुपर्ने थियो । तर भवनको निर्माण कार्य २० वर्ष बितिसक्दा पनि सम्पन्न हुन नसकेको हो । >>> पृष्ठ २ मा



सरकारले नै आयोजनाको म्याद थप्न सार्वजनिक खरिद नियमावली संशोधन गर्दै आएको छ । १४औं संसोधनले म्याद थपेको आयोजनाहरुको फेरि म्याद थप्ने बाटो खोलिदिएको छ ।

**अरुणकुमार लाल कर्ण**
प्रमुख सिडिई, सडक डिभिजन कार्यालय चन्द्रपुर रौतहट

## ठेकेदारकै पक्षमा सरकार !

समयमै काम नभएपनि ठेक्काको म्याद भने थप हुँदै आएको छ । सडक डिभिजन कार्यालय चन्द्रपुर रौतहटका प्रमुख सिडिई अरुणकुमार लाल कर्ण समयमा बजेटको व्यवस्थापन हुन नसक्दा ठेक्काको काम समयमा हुन नसकेको स्वीकार गर्छन् ।

उनी भन्छन्, 'सरकारले नै म्याद थप्न पटकपटक सार्वजनिक खरिद नियमावली संशोधन गर्दै आएको छ । १४औं संसोधनले म्याद थपेको आयोजनाहरूको पनि म्याद थप्ने बाटो खुलेको छ । सोहीअनुसार काम गर्न प्रतिबद्धता जनाएका >>> पृष्ठ २ मा




## 'पार्टी नेतृत्वमा युवा नै ल्याउनुपर्छ'

म्युजिकल चियर जस्तो पुरानै अनुहार पुरानै प्रवृतिले हुँदैन । कांग्रेसलाई छलाङ मार्ने एउटा नयाँ विचार र नवीन सोचमा अगाडि बढाउने युवाहरुलाई नेतृत्वमा ल्याउनु पर्छ ।

विधेयक बनाउँदा माननीयले बाहिरी प्रभावबाट मुक्त हुनुपर्छ र भित्री चलखेलबाट पनि सजग हुनुपर्छ ।



**प्रतिमा गौतम**
नेता, नेपाली कांग्रेस

अन्तर्वार्ता
पृष्ठ ५ मा..

# नख्खुमा रविको अड्डासार

रवि लामिछानेले मुलुकी अपराध कार्यविधि संहिताको अर्को व्यवस्थाअन्तर्गत आफूलाई थुनामुक्त गर्न निवेदन दिएपनि रुपन्देही जिल्ला अदालतले उनलाई थुनामुक्त गर्न अस्वीकार गरेको थियो । तर सार्वजनिक रूपमै प्रश्न उठेपछि शुक्रबार उनको अड्डासार भएको हो ।



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ३१ साउन

सहकारी ठगी आरोपमा पुर्पक्षका लागि भैरहवा कारागारमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेको अड्डासार भएको छ । शनिबार उनलाई भैरहवा कारागारबाट अड्डासार गरेर ललितपुरस्थित नख्खु कारागार ल्याइएको हो ।

पूर्वउपप्रधान तथा गृहमन्त्रीसमेत रहेका रविलाई भैरहवाबाट बुद्ध एयरको विमानमार्फत काठमाडौं ल्याएर विमानस्थलबाट सिधै नख्खु कारागार लगिएको रास्वपाका प्रवक्ता मनिष झाले जानकारी दिए । रास्वपाले विगत तीन महिनादेखि रविलाई जेल सार्न >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

### कुवेतमा विषाक्त मदिरा सेवन प्रकरण

## मृत्यु हुने नेपालीको संख्या ११ पुग्यो
## ४० जना उपचाररत, १५ को अवस्था गम्भीर

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३१ साउन

विषाक्त मदिरा सेवनबाट कुवेतमा हालसम्म ११ जना नेपाली कामदारको मृत्यु भएको छ । कुवेतस्थित नेपाली दूतावासका श्रम सहचारी गिरिप्रसाद आचार्यले उक्त घटना भएपछि शुक्रबार साँझसम्म नौ जना नेपालीको ज्यान गएको खबर आएकोमा शनिबार थप दुई जनाको पनि ज्यान गएको विवरण प्राप्त भएको बताएका छन् । मृत्यु हुनेहरू सिन्धुपाल्चोक, बारा, पर्सा र मोरङलगायतका >>> पृष्ठ २ मा

### भिजिट भिसामा मलेसिया पुगेर अलपत्र परेका कामदारको उद्धार

**तिलोचन गौतम/मध्यान्ह**
क्वालालम्पुर, मलेसिया, ३१ साउन

भिजिट भिसामा मलेसिया पुगेका धनुषा जिल्लाका प्रह्लाद सहबनियालाई नेपाली दूतावासले उद्धार गरी स्वदेश पठाएको छ । हाल मलेसियामा वैधानिक रूपमा कामदार पठाउने >>> पृष्ठ २ मा

### लगइन प्रमाण दुरुपयोग गरी भिसा बेचबिखन, पाँच पक्राउ

**काठमाडौं/मस-** कुवेतमा गृह मन्त्रालयबाट लगइन प्रमाणहरू प्रयोग गरेर भिसा कारोबारमा संलग्न पाँच विदेशी कामदार पक्राउ परेका छन् ।

कुवेतको आन्तरिक मन्त्रालयले धेरै फर्महरूको >>> पृष्ठ २ मा

# भूमि विधेयकमा प्रधानमन्त्रीकै हस्तक्षेप



जहाँ खाली जग्गा देख्छ त्यहाँ एमालेको आँखा गइहाल्दो रहेछ । गोकर्ण रिसोर्ट हेर्नुस्, राजा वीरेन्द्रको सम्पत्तिमा एमालेका आँखाहरु हेर्नुस्, पोखराको लिचीबारी हेर्नुस्, गिरिबन्धु टिइस्टेट हेर्नुस्, जतातत्तै एमाले मात्रै सुनिन्छ ।

**डा. शेखर कोइराला**
नेता, नेपाली कांग्रेस

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३१ साउन

भूमिसम्बन्धी केही नेपाल ऐन संशोधन विधेयकको प्रतिवेदनलाई अन्तिम रूप दिने भन्दै शुक्रबार बसेको संसदीय समितिको बैठक निष्फल हुन पुग्यो ।

प्रतिनिधि सभाअन्तर्गतको कृषि, सहकारी तथा प्राकृतिक स्रोत व्यवस्थापन समितिले सार्वजनिक बिदाको दिन पनि बैठक राखेर भूमि विधेयक पारित गर्ने तयारी गरेको थियो । यसका निम्ति शुक्रबार नै सांसदहरूलाई विधेयकको प्रतिवेदनको मस्यौदा पठाइएको थियो । तर बैठक अगाडि समितिकै कार्यकक्ष सिंहदरबारमा बसेको आन्तरिक बैठकमा नेपाली कांग्रेस र नेकपा एमालेका सांसदहरूबीच कुरा मिलेन ।

कांग्रेसका सांसदहरूले प्रस्तावित विधेयकबाट अव्यवस्थित बसोबासीलाई जग्गा दिने विषय हटाएर बाँकी विषय अगाडि बढाउने प्रस्ताव राखे । तर एमालेका सांसदहरू र भूमि, व्यवस्था तथा सहकारी गरिबी निवारणमन्त्री बलराम अधिकारीले मानेनन् ।

त्यससपछि संसदीय समितिको बैठक केवल औपचारिकताका लागि बस्ने तय >>> पृष्ठ २ मा



मध्यान्ह
www.madhyanhadaily.com

१ भदौ २०८२ आइतबार
17 August 2025 Sunday

# 'प्रसूति गृह लाखौं आमा र शिशुको जीवन जोड्ने राष्ट्रिय धरोहर'

**काठमाडौं/मस-** स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले महिला स्वास्थ्यसम्बन्धी विशिष्टीकृत अस्पतालका रूपमा रहेको परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल लाखौं आमा र शिशुको जीवन जोड्ने राष्ट्रिय धरोहर रहेको बताएका छन् ।

परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालको ६६ औं वार्षिकोत्सवमा उनले प्रसूति गृह नेपालको स्वास्थ्य क्षेत्रको विकासको साक्षी रहेको बताए । उनले भने, 'अस्पतालले सुरु गरेको नियोनेटल स्क्रिनिङ, मिल्क बैंकजस्ता कार्यक्रमले नवजात शिशुको मृत्युदर घटाउन महत्वपूर्ण भूमिका खेल्नेमा म विश्वस्त छु । सरकारले हालै ल्याएको निःसन्तान उपचार मापदण्डको सफल कार्यान्वयनमा यस अस्पतालको पुनःस्थापित आइभिएफ सेवाले नेतृत्वदायी भूमिका खेल्नेछ ।' मन्त्री पौडेलले भविष्यमा यस अस्पतालमा११ शय्या थप गरेर ५०० शय्या बनाइने बताए । उनले




काठमाडौंका दुई नगरपालिकामा २५/२५ शय्याको स्याटेलाइट प्रसूति अस्पताल निर्माणको सम्झौता गरेर उपत्यकाको बढ्दो चापलाई व्यवस्थापन गर्ने तयारी रहेको जानकारी गराए । उनले स्त्रीरोग, आमा तथा शिशु सुरक्षा कार्यक्रम स्वास्थ्य बिमा कार्यक्रमसँग जोडिने पनि बताए । अस्पतालका निर्देशक डा.श्रीप्रसाद अधिकारीले स्त्रीरोगसम्बन्धी दुरबिन प्रविधिबाट हुने शल्यक्रिया, गर्भवतीका लागि मानसिक स्वास्थ्य ओपिडी र फेटल तथा मेटर्नल इको सेवाले रिफरल दर घटाएको बताए । उनले भने,'गत आर्थिक वर्षमा मात्रै करिब २१ हजार सफल प्रसूति गराइएको र बहिरंग विभागबाट दुई लाख ३३ हजारभन्दा बढीले सेवा लिएका छन् ।' उनले गत आवमा आठ हजार ६९३ जना निःसन्तानसम्बन्धी सेवाग्राहीहरूले ओपिडीबाट सेवा लिएको बताए । कूल २९८ जना महिलाले आइयुआई सेवा र ४३ जना निःसन्तान सेवाग्राहीहरूले आइभीएफ सेवा लिएको जानकारी गराए । 'नियोनेटल स्क्रिनिङ टेष्ट' बाट हालसम्म यस अस्पतालमा करिब दुई हजार नवजात शिशुहरूको परीक्षण गरिएको र सोमध्ये २० जना नवजात शिशुहरूको विभिन्न रोगको पहिचान गरी उपचार गरिएको छ । यो टेष्टले भ्रूण तथा गर्भमा रहेको शिशुको आनुवांशिक रोगको निदान गर्न सहज भएको छ ।

यो अस्पताल विसं २०१६ भदौ १० गते श्रीकृष्ण जन्माष्टमीको दिनमा ४० शय्याबाट परोपकार संस्थाले स्थापना गरेको हो । देशको एक मात्र महिला स्वास्थ्यसम्बन्धी यो केन्द्रीय विशिष्टीकृत अस्पताल हाल ४८९ शय्या सञ्चालनमा रहेको छ ।

# दोरम्बा हत्या काण्डमा संलग्न दोषीहरूलाई कारबाहीको माग

**काठमाडौं/मस-**दोरम्बा घटनाका दोषीहरुलाई कारबाही गरिनुपर्ने पीडित परिवारले माग गरेका छन् । शनिबार राजधानीको संवाद डबलीमा अखिल नेपाल लेखक संघले आयोजना गरेको २३ औं स्मृति दिवसमा पीडितले सो माग गरेका हुन् ।




सो कार्यक्रममा विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका पोलिटब्युरो सदस्य माइला लामाले शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुर्‍याउने कार्यमा ढिलाइ भएको बताएका छन् । लामाले दोरम्बा लगायतका कयौं घटनामा राज्य पक्षकालाई काखा र तत्कालिन विद्रोही पक्षका पीडितलाई पाखा गरेर अन्याय गरेको भन्दै आक्रोष व्यक्त गरेका छन् । लामाले पछिल्लो समायमा राज्यले जनयोद्धाहरुलाई अपराधीकरण गर्न थालेको भन्दै त्यसविरुद्ध सबै माओवादी एक भएर त्यसको प्रतिवाद गर्नुपर्ने धारणा राखे ।

आफ्नो पार्टी जनताको न्यायका लागि सबैसँग एकता गर्न तयार रहेको बताउँदै भने,'नेकपाले अगाडी सारेको नेपाली विशेषताको समाजवादका लागि एकता र ध्रुविकरणको लागि लचक हुन तथा त्यसको लागि हातेमालो गर्न तयार छौं ।'

वरिष्ठ अधिवक्ता एकराज भण्डारीले युगान्तकारी परिवर्तनका लागि लड्ने जनयोद्धाहरुलाई अपराधी र राज्यको तर्फबाट हिंसा मच्चाउनेहरुलाई संरक्षण गरिएको भन्दै रोष व्यक्त गरे । उनले टिआरसीबाट शान्ति प्रक्रिया टुंगो नलाग्नेसमेत ठोकुवा गर्दै भने,'यही गति र मतिले समस्या समाधान हुँदैन अब विद्रोहबाट मात्रै सम्भव छ ।' भण्डारीले दृष्टान्त पस्कदै भने,'जनयुद्धमा सुराकी गर्ने डेकेन्द्र थापाको हत्या गरेको भनेर माओवादीका अरुण भनिने बमबहादुर खड्कालाई दोषी ठहर गरी जेल कोचिन्छ भने दोरम्बा घटना घटाउने आर्मिका मेजर राममणी पोखरेलको टोलीलाई जेल किन नहाल्ने, रायमाझी आयोगले भनेकै छ त ।'

नेकपाका युवा नेता तथा जनपत्रकार संघका अध्यक्ष शेरबहादुर विश्वकर्माले राज्य र माओवादीबीच शान्ति वार्ता चलेको बेला निहत्था योद्धाहरुलाई हत्या गरिएको विषय अक्षम्य भएको बताए । दोरम्बा घटनामा मारिएका सानोराम तामाङका छोरा लशकुश तामाङले आफ्ना बाबुसहितका २१ जनालाई हत्या गर्ने तत्कालिन नेपाली सेनाका मेजर र निर्देशन दिने सरकारी उच्च नेतृत्वलाई पनि सजाय दिनुपर्ने माग गरेका छन् ।

नेकपा रामेछाप जिल्ला इन्चार्ज इन्द्र श्रेष्ठले दोरम्बा वर्तमान व्यवस्थाको प्रथम ढोका भएको बताउँदै भने,'हाम्रा महान सहिदहरुलाई शान्ति वार्ता भएको समयमा निर्मम तरिकाले हत्या गरियो, उहाँहरुले न्याय नपाए त्यसको बदला लिनुपर्छ ।'

सो कार्यक्रममा दोरम्बा घटनामा शहीद भएका शहीद परिवारलाई आयोजकले दोसल्ला ओडाएर सम्मान गरेको थियो ।

शहीदहरु सानोराम तामाङको छोरा लशकुश तामाङ, जगत विश्वकर्माको आमा फूलमाया विश्कर्मा र तीनजान दिदिबहीनी, हर्क लक्ष्मी राईको बहिनी धनलक्ष्मी राईलगायतलाई सम्मान गरिएको थियो । कार्यक्रममा कवि राजबहादुर कुँवर, कर्ण दयाल, अग्निराज पौडेल, केशव सिलवाल, रमेश विक्रान्त, कुशल बोगटीलगायतले कविता बाचान गरेका थिए, भने अखिल नेपाल जनसंस्कृतिक महासंघका महासचिव कुशल बोगटीले अध्यक्षता र अखिल नेपाल लेखक संघका अध्यक्ष मुक्तान थेवाले सञ्चालन गरेका थिए ।

के हो दोरम्बा घटना ?

२३ वर्ष अघि २०६० साल साउन ३२ गते दाङको हापुरेमा तत्कालीन विद्रोही नेकपा( माओवादी) पक्षले युद्ध विरामको घोषणा गरेकै अवस्थामा सरकार र माओवादीबीच वार्ता भइरहदा दोरम्बा स्थित शिक्षक युवराज मोक्तानको घरमा पार्टीको बैठक र वैवाहिक कार्यक्रममा जम्मा भएका जिल्ला स्तरीय नेता तथा कार्यकर्तालाई मेजर राममणि पोखरेलको नेतृत्वमा रहेको सेनाको गस्ती टोलीले घर घेरा हाली नियन्त्रण लिइएको थियो ।

सेनाले नियन्त्रणमा लिएका नेता तथा कार्यकर्ताको हात बाध्नुका साथै आँखामा पट्टीसमेत बाँधेर दोरम्बा बजार हुँदै डडुवाका डाँडा कटेरीमा लगेर हत्या गरेको थियो । २ जनाको नियन्त्रणमा लिएको घरमा हत्या गरेको थियो भने १९ जनालाइ भने डाँडाकटेरी पुर्‍याएर गोली हानी हत्या गरेको थियो । दोरम्बा घटना पछि माओवादी वार्ता भंग गरी हिँडेको थियो ।

**अर्बौंका...**

स्थिति छ । २०६६ सालमै शिलान्यास गरिएको बागमती नदीको बडहरवामा पुल तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपाल र उपप्रधानमन्त्री विजय गच्छदारले संयुक्त रूपमा शिलान्यास गरेका थिए । करिब ६७ करोडमा लुम्बिनी बिल्डर्स र पप्पु कन्स्ट्रक्सनले सयुंक्त जेभीमा सो पुलको ठेक्का सकार गरेको थियो । आर्थिक वर्ष २०७० पछि सो पुलको काम रोकिएको थियो । निर्माण ठप्प भएको ११ वर्षपछि हुलाकी राजमार्ग आयोजना निर्देशनालयले ठेक्का रद्द गरी महालक्ष्मी विकास एन्ड ब्रदर/वाईपी जेभीसँग नयाँ ठेक्का सम्झौता गरी नयाँ ठेक्कामा गए पनि प्रगति भने शून्य देखिएको छ ।

हाल ठेक्का सम्झौताको अवधि सकिन लाग्दा पनि २० प्रतिशत मात्रै प्रगति भएको हुलाकी राजमार्ग आयोजनाका साइट इन्जिनियर धर्मेन्द्र दासले बताए । उनले यसअघि सम्पन्न भएको कामको भेरिफिकेसन गर्ने प्रक्रियाअगाडि बढ्न नसक्दा समस्या देखिएको बताए । यसअघि निर्माण भएका पिलरको गहिराइ नापेर मात्र काम अगाडि बढाउँदा लगानीको जोखिम नहुने उनको भनाइ छ । नयाँ ठेक्काको म्याद पनि थप हुने प्रक्रिया रहेको पनि इन्जिनियर दासले जानकारी दिए । ठेक्काको म्याद २०८१ कार्तिक १५ गते समाप्त भएको थियो ।

पुल निर्माण कार्य अवरुद्ध हुँदा दर्जनौं अनुगमन टोली र उच्चस्तरीय राजनीतिक भ्रमण भए पनि काम अगाडि बढ्न नसकेकोमा दुर्गा भगवती गाउँपालिका-५ का वडाध्यक्ष धर्मनाथ चौधरीले दुःख व्यक्त गरे । बागमती नदीको सो पुल राजनीतिक मुद्दा बनेकोमा उनको आक्रोश छ ।

बागमती बडहरवा पुलसँगै रौतहटमा करिब ३ अर्बभन्दा माथिका अन्य आयोजना पनि रुग्न अवस्थामा पुगेका छन् । बागमती पुल, जुद्ध मावि गौरको निर्माधीन छात्रावास, लाल बकैया नदीको पुल, गुजारा लमह पुललगायतका कयौं आयोजनाहरू लामो समयदेखि अलपत्र हुँदा नागरिक तहमा निराशा बढेको हो ।

**२० वर्षसम्म...**

५१ कोठाको तीनतले भवन निर्माण गर्नुपर्नेमा एक तलासमेत निर्माण सम्पन्न हुन सकेको छैन ।

पुलहरू निर्माणको काम पनि जतासुकै अलपत्र छ । गौर इश्नाथ नगरपालिका जोड्ने बकिया पुल निर्माण पनि सुस्त छ । २०७० साल चैत २७ गते तत्कालीन प्रधानमन्त्री तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले शिलान्यास गरेको पुल करिब १७ करोडको लागतमा बनाउने गरी पप्पु कन्स्ट्रक्सनसँग सम्झौता भएको थियो ।

तर, काम भएन । त्यसपछि सडक डिभिजन कार्यालय चन्द्रनिगाहपुरले पप्पु कन्स्ट्रक्सनसँग ठेक्का तोडेर २०८० असोज ९ गते आजाद/दिपु एन्ड कम्पनी जेभी गरुडासँग २०८१ चैत १ गतेसम्म काम सम्पन्न गर्ने गरी सम्झौता गरेको थियो । तर सम्झौताको म्याद समाप्त हुँदा कामको प्रगति शून्य देखियो । त्यसपछि सडक डिभिजन कार्यालय चन्द्रनिगाहपुरले सो ठेक्काको म्याद पुनः थप गरी २०८३ असार ३० गतेसम्म पुर्‍याएको छ ।

राज्यले ठेक्का लगाउने तर आवश्यक रकम विनियोजन नगर्ने गरेकाले समस्या देखिएको गौर-४ टिकुलियाका गुडु साहको आरोप छ । टिकुलिया घाटको सो पुल निर्माणको माग गर्दै स्थानीय पटकपटक आन्दोलन गर्दै आएको छ । यस्तै, गुजरा नगरपालिकाको लमहा नदी पुल २०७५ वैशाख २० गतेसम्म बनिसक्नुपर्ने थियो । ६ करोड ९४ लाख ४३ हजारमा ठेक्का सकार गरेका पप्पु/शिव शंकर जेभी गरुडाले ठेक्काको म्याद सकेको सात वर्ष बित्न लाग्दा समेत सो पुल निर्माण हुन सकेको छैन ।

२०८० असार मसान्तभित्र काम सक्नेगरी दोस्रोपटक म्याद थप गरेको पनि दुई वर्ष बित्न लाग्दा समेत ५० प्रतिशत पनि काम सम्पन्न हुन नसकेको स्थानीय युवा अब्दुल सलामले बताए । सडक डिभिजन कार्यालय चन्द्रनिगाहपुरले भने सो पुलको ६३ प्रतिशत काम सकेको दाबी गरेको छ ।

त्यस्तै चन्द्रपुर नगरपालिकाको गैडाटारस्थित चाँदी नदीमा निर्माधीन पुल पनि समयमा निर्माण हुन सकेको छैन । सडक डिभिजन कार्यालय चन्द्रनिगाहपुरले २०७३ असार ३१ गते २५ करोड ३६ लाख २४ हजारमा तीन वर्षमा काम सक्ने गरी पप्पु/शिव शंकर जेभी गरुडासँग सम्झौता गरेको थियो । तर काम सक्नुपर्ने मिति ६ वर्षअघि नै सकिँदा पनि निर्माण कार्य सम्पन्न भएको छैन । सडक डिभिजन कार्यालयले भने सो काम सक्न २०८२ असार मसान्तसम्मका लागि म्याद थप गरिसकेको छ । सडक डिभिजन कार्यालय हालसम्म ८१ प्रतिशत काम सकेको दाबी गरेको छ ।

योसँगै कटहरिया-गरुडा जोड्ने झाझ खोलामा पुल, तरहरी झझ पुल छेदी चौक कटहरिया, कटहरिया गुजारा गुजारा खोलाको पुल, तरहरी खोला पुल पिपरिया दोस्तियालगायतका दर्जनौं पुल समयमा निर्माण हुन सकेका छैनन् । २०७३ पछि सम्झौता भएका प्रायः सबै पुल अझै पनि निर्माणकै क्रममा देखिन्छ ।

**ठेकेदारकै...**

ठेकेदारहरूको म्याद थप हुन्छ ।' पुरानो व्यवस्थामा केवल एकपटक म्याद थप्न पाइन्थ्यो, म्याद थप भएको मितिमा ढिलो भएमा दैनिक ०.०५ प्रतिशत हर्जाना लाग्ने व्यवस्था थियो । तर १४औं संशोधनले यसलाई नरम बनाइदिएको छ । निर्माण व्यवसायीहरूले उचित कारणसहित नियमावली प्रकाशित भएको ३० दिन भित्र म्याद थापका लागि निवेदन दिनुपर्ने व्यवस्था राखिएको छ । यसअघि लाग्दै आएको पेनाल्टी पनि हटाइएको छ । अर्थात, समयमै काम गर्न ठेकेदारलाई कस्नुपर्नेमा सरकार उल्टै नरम भइदिँदा दर्जनौं विकास आयोजना सम्झौताअनुसार समयमै बन्ने वातावरण बनिरहेको छैन ।

**नख्खुमा...**

अनुरोध गर्दै आएको थियो ।

उनलाई २०८१ चैत २५ गते भैरहवा कारागार चलान गरिएको थियो । बुटवलको सुप्रिम सहकारी ठगी र संगठित अपराधसम्बन्धी मुद्दामा उच्च अदालत तुलसीपुर, बुटवल इजलासका न्यायाधीशद्वय रमेश ढकाल र स्वीकृति पराजुलीको संयुक्त इजलासले लामिछानेलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको थियो । सोही आदेशअनुसार उनी जेल चलान भएका थिए ।

एक सय २६ दिन उनी रुपन्देही जिल्ला कारागार बसे । योबीचमा पार्टीका नेता कार्यकर्ताहरू पटक-पटक उनलाई भेट गर्न काठमाडौंबाट भैरहवा जाने गरेका थिए । पछिल्लो पटक राष्ट्रिय मानवअधिकार आयोगको टोलीले गत साता अनुगमन गरेको थियो । लामिछानेलाई राखिएको कारागार कोठाको अवस्था नाजुक रहेको भन्दै आयोगले प्रश्न उठाएपछि सरकारले उनको अड्डासार गरेको हो । काठमाडौं आउन पाए पार्टीका नेता कार्यकर्ता, शुभेच्छुक र आफन्तसँगको भेट सजिलो हुने रविको चाहाना रहेको रास्वपाका नेताहरूले बताएका छन् । उनको अड्डासारका लागि पार्टीले कारागार प्रशासनलाई पत्र लेखेर दबाब दिँदै आए पनि सरकारले उनलाई उपत्यका ल्याउन चासो देखाएको थिएन ।

तर पछिल्लो पटक उनका बारेमा विभिन्न मिडियामा आएका टिप्पणी र राष्ट्रिय मानवअधिकार आयोगको ध्यानाकर्षणपछि गृहमन्त्री रमेश लेखकले लामिछानेलाई उचित व्यवस्थापन गरेर अड्डासार गर्ने बताएका थिए । गृहमन्त्रीले भनेको २ दिनमै उनलाई नख्खु कारागार ल्याइएको हो । लामिछानेको अड्डासारपूर्व भैरहवा पुगेका रास्वपा प्रवक्ता झा र उपसभापति स्वर्णिम वाग्लेले रविलाई भेट्न प्रहरी प्रशासनलाई पटक-पटक अनुरोध गरेपनि सहजरूपमा भेट्न नपाएको बताएका छन् ।

'एकछिन भेट्न पाइन्छ कि भनेर भैरहवा कारागारमै पुगें', प्रवक्ता झाले भने, 'साथमा पार्टी उपसभापति डा. स्वर्णिम वाग्ले पनि हुनुहुन्थ्यो । कारागार प्रशासकले आज भेट्न मिल्दैन भनेर फर्काइदियो । विमानस्थलमा एकछिन भेट्न दिन विमानस्थलस्थित प्रहरी प्रशासनलाई अनुरोध गर्न पुग्यौं । निक्कै अनुरोध गरेपश्चात् म र पार्टी उपसभापति डा. स्वर्णिम वाग्लेलाई विमानस्थल प्रतीक्षालयमा उभिएरै दुई मिनेट भेट्न दिनुभयो ।' लामिछानेलाई विमानस्थलबाट सिधै नख्खु कारागार लगिएको प्रहरीले जनाएको छ ।

कारागार व्यवस्था विभागका महानिर्देशक लीलाप्रसाद शर्माले लामिछानेको अनुरोध र अदालतको अनुमति भएपछि नख्खु कारागारमा स्थानान्तरण गर्ने निर्णयअनुसार अड्डासार गरिएको बताए । रविले मुलुकी अपराध कार्यविधि संहिताको अर्को व्यवस्थाअन्तर्गत आफूलाई थुनामुक्त गर्न एक साताअघि निवेदन दिएका थिए । तर रूपन्देही जिल्ला अदालतले थुनामुक्त गर्न अस्वीकार गरेको थियो ।

नख्खु कारागारको गेटमा पुगेका रास्वपाका कार्यकर्ताले रविका पक्षमा नाराबाजी गरेपनि प्रशासनले कार्यकर्तालाई छलेर जेलभित्र पुर्‍याएको छ । उनलाई राज्यले प्रतिशोध साँधेर मुद्दा चलाएको दाबी गर्दै रास्वपाले आफ्नो मुद्दामा समर्थन खोज्दै असार ७ गतेबाट सर्वसाधारणको हस्ताक्षर संकलन र चन्दा उठाउने कार्यसमेत जारी राखेको छ ।

**मृत्यु....**

जिल्लाबाट वैदेशिक रोजगारीमा गएका कामदार रहेका छन् । गत साता मदिरा सेवन गरेका कामदारहरूमा समस्या देखिएको हो । सबैभन्दा पहिले आँखा धमिलो हुने त्यसपछि क्रमशः मुटु र मिर्गौलामा समस्या देखिएको बताइएको छ ।

नेपाली दूतावासले विवरण प्राप्त भएपछि कुवेती अधिकारीहरूसँग समन्वय गरी शव नेपाल पठाउने श्रम सहचारी आचार्यले जानकारी दिए ।

मुटु तथा मिर्गौलामा समस्या देखिएका बिरामीहरूको अस्पताल बसाइ लम्बिने बताइएको छ । मिर्गौलाको पटकपटक डायलासिस गर्नुपर्ने भएकाले उनीहरूलाई समस्या हुने बताइएको छ ।

दूतावासले शुक्रबार साँझ जारी गरेको विज्ञप्तिमा कुवेतमा केही दिन पहिले विषादीयुक्त मदिरा सेवनका कारण भएको घटनामा करिब ३५ जना नेपाली नागरिकहरू अस्पताल भर्ना भएको जानकारी प्राप्त भएको बताएको थियो । शनिबार भने दूतावासले विज्ञप्ति जारी गरेको छैन । दूतावासले यस सम्बन्धमा सम्बन्धित अस्पताल र कुवेतको स्वास्थ्य मन्त्रालयका अधिकारीहरूसँग निरन्तर सम्पर्कमा रही अस्पतालमा उपचाररत बिरामीहरूको उचित उपचारका लागि निरन्तर समन्वय गरिरहेको बताएको छ ।

स्वास्थ्यका लागि घातक र जोखिमपूर्ण खाद्य तथा पेय पदार्थको सेवनबाट टाढा रहन विशेष अनुरोध गर्दै दूतावासले कुनै जानकारी लिनुपरेमा दूतावासको ह्वाट्सएप नम्बर +९६५६१००८९५६ मा सम्पर्क गर्न सकिने बताएको छ । कुवेतका आदान, फर्वनिया र मुबारक अलकबी अस्पतालमा बिरामीहरूको उपचार भइरहेको छ ।

कुवेतको स्वास्थ्य मन्त्रालयले शनिबारदेखि विषाक्त मदिरा सेवनबाट पीडित १ सय ६० जनाको उपचार भइरहेको बताएको छ । मन्त्रालयले धेरै बिरामीहरू आइसियूमा रहेको र चिकित्सकहरूको टोलीले कार्डियोपल्मोनरी रिसुसिटेशन (सिपिआर) गरिरहेको बताएको छ । ५१ जनालाई आपतकालीन डायलिसिस गरिएको छ । २१ जनाले स्थायी वा अस्थायी रूपमा आँखाको दृष्टि गुमाएका छन् ।

अधिकारीहरूले दूषित पेय पदार्थको स्रोतको अनुसन्धान गर्न अस्पताल र सुरक्षा एजेन्सीबीच समन्वय भइरहेको बताएका छन् । कुवेतमा रहेको भारतीय दूतावासले ४० जना भारतीय नागरिकलाई अस्पताल भर्ना गरिएको बताएको छ । तीमध्ये २३ जनाको ज्यान गएको बताइएको छ ।

नेपालीसहित दक्षिण एसियाली कामदारहरूले सस्तोमा पाइने मिथानोल, एन्टिफ्रिज र घोलक जस्ता औद्योगिक उत्पादनहरूमा प्रयोग हुने विषाक्त मदिरा सेवन गर्ने गरेको बताइएको छ ।

विषाक्त मदिराका कारण टाउको दुख्ने, बान्ता आउने, दृष्टि धमिलो हुने, हृदयाघात भई मृत्यु हुने गरेको छ । कुवेतले मादक पदार्थको उत्पादन, बिक्री र उपभोगलाई कडाइका साथ निषेध गरेको छ । सुरक्षाकर्मीरूले अवैध रूपमा मदिरा उत्पादन बन्द गराउने अभियान तीव्र पारेको कुवेती सञ्चारमाध्यमले उल्लेख गरेका छन् ।

**भिजिट...**

प्रक्रिया सुस्त भइरहेका बेला विभिन्न दलाल र एजेन्सीहरूले कम खर्च र आकर्षक पारिश्रमिकको प्रलोभन देखाई नेपालीहरूलाई भिजिट भिसामार्फत ल्याउने क्रम बढ्दो छ । यसै कारण धेरै नेपाली अलपत्र पर्ने गरेका छन् ।

यस्तै अवस्थामा मलेसिया पुगेका सहबनिया अचानक बिरामी परेपछि १४ अगस्टमा एक अपरिचित व्यक्तिले उनलाई दूतावास परिसरमा छोडेको थियो । कमजोर स्वास्थ्यका कारण दुई पटकसम्म बेहोस भएका उनलाई तत्कालै स्थानीय क्लिनिकमा उपचार गराइएको दूतावासले जनाएको छ । चिकित्सकले उनलाई उच्च रक्तचाप र मधुमेह भएको पुष्टि गरेका थिए ।

दूतावासले आवश्यक कानुनी प्रक्रिया पूरा गरी उनलाई १६ अगस्टमा बटिक एयरमार्फत स्वदेश फर्काएको हो ।

यसै सन्दर्भमा दूतावासले अवैधानिक बाटोबाट मलेसिया नआउन र कुनै दलाल वा प्रलोभनमा नपरी श्रम स्वीकृति लिएर मात्र वैधानिक तरिकाले आउन आग्रह गरेको छ । साथै, समस्यामा परे तत्कालै दूतावासमा सम्पर्क गर्न पनि नेपाली कामदारलाई दूतावासले अपिल गरेको छ ।

**लगइन...**

प्रतिनिधिको रूपमा काम गर्ने एसियाली मुलका ती कामदारहरूले कुवेती कानुनको उल्लंघन गर्दै कामदारको भिसा बेच्ने गरेको बताएको छ ।

कुवेती अधिकारीहरूले आरोपीहरूले जनशक्ति प्राधिकरण र गृह मन्त्रालयबाट लगइन प्रमाणहरू प्रयोग गरेर भिसा बेचबिखन गरेको पाइएको बताएका छन् ।

**भूमि...**

भयो । साढे १० बजेका लागि तय भएको बैठक एक घण्टा ढिलो भयो । ढिलो गरी सुरु भएको बैठक दुई मिनेटमै सकियो ।

समितिकी सभापति कुशुमदेवी थापाले विधेयकको प्रतिवेदन तयार भएको र आन्तरिक छलफलमा थप अध्ययन गर्न समय चाहिने सहमति भएको जानकारी गराइन् । थप अध्ययनपछि अर्को बैठक बस्ने उनले बताइन् । तर अर्को बैठकको मिति तय भएको छैन । प्रतिनिधि सभाको बैठक भदौ ४ गते बस्दैछ । त्यसकै वरिपरि अर्को बैठक बस्न सकिने समितिका सचिव शिवदत्त बरालले जानकारी दिए ।

औपचारिक बैठक दुई मिनेट मात्रै बस्नुको कारण हो आन्तरिक छलफलमा कुरा नमिल्नु । कुरा नमिलेपछि भूमिमन्त्री अधिकारी आन्तरिक छलफलबाटै बाहिरिएका थिए । समितिबाट बाहिरिनु अगाडि अधिकारीले आफूले पनि थप छलफल गर्न पर्ने भनेर समय मागेका थिए ।

नेताहरूका अनुसार भूमिहीन दलित, सुकुम्वासी र अव्यवस्थित बसोबासीलाई जग्गा दिने गरी प्रस्तावित भूमि विधेयकको सार परिवर्तन नगर्न प्रधानमन्त्री ओलीको प्रष्ट सन्देश छ । यसमा सत्ता साझेदार दल नेपाली कांग्रेस तयार नहुँदा संसदीय समिति निर्णयमा पुग्न सकिरहेको छैन ।

नेपाली कांग्रेसका नेता डा. शेखर कोइराला खाली जग्गाको सदुपयोग सामाजिक रूपमा हुनुपर्ने बताउँछन् । तर त्यस्तो जग्गा व्यक्तिको नाममा लैजाने प्रयास हुँदा समस्या भएको उनको भनाइ छ । यही विषयले भूमिसम्बन्धी विधेयक अगाडि बढ्न नसकेको कोइरालाले शनिबार काठमाडौंमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै भने ।

'जहाँ खाली जग्गा देख्छ त्यहाँ एमालेको आँखा गइहाल्दो रहेछ,' डा. कोइरालाले भनेका छन्, 'गोकर्ण रिसोर्ट हेर्नुस्, राजा वीरेन्द्रको सम्पत्तिमा एमालेका आँखाहरू हेर्नुस्, पोखराको लिचीबारी हेर्नुस्, गिरिबन्धु टिइस्टेट हेर्नुस्, जताततै एमाले मात्रै सुनिन्छ ।'

पोखरा १६ स्थित लिची बगैंचा बारीका रूपमा चिनिएको जग्गा हडप्ने चलखेलमा संलग्न भएको आरोप लागेपछि तत्कालीन संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले राजीनामा दिए । यही मुद्दा जोडिएको ११० रोपनी जग्गा हत्याउने चलखेलमा संलग्न भएको र घुस डिल गरेको आरोप लागेका भूमिमन्त्री अधिकारी भने पदमै बहाल रहेका छन् । यसप्रति पनि नेता डा. कोइरालाको प्रश्न छ । 'तत्कालीन संघीय मामिलामन्त्रीले राजीनामा दिनुभयो, तर भूमिसुधार मन्त्री अहिले पनि जबरजस्ती बसिरहनुभएको छ,' डा. कोइरालाले भने, 'जबकि कास्की जिल्लाको एमालेको पुरै कमिटीले भनेको छ- भूमिसुधार मन्त्रीले पनि राजीनामा दिनुपर्छ ।' यो मुद्दामा संलग्न एक जना बिचौलिया संसदमै रहेको आरोप लागेको पनि उनले बताए । 'रेशम चौधरीजीको पार्टीको अध्यक्ष बिचौलिया हुनुहुँदो रहेछ, अब सांसद पनि बिचौलिया भइसकेपछि त के अवस्था हुन्छ देशको ?' उनले प्रश्न गरे ।


## नेपाल विद्युत प्राधिकरणको ४०औँ वार्षिकोत्सव

## प्रतिबद्धता

आफ्नो स्थापनाको ४०औँ वार्षिकोत्सवको यस सुखद अवसरमा म नेपाल सरकार, प्रदेश सरकार, विभिन्न स्थानीय तहहरू, वित्तीय क्षेत्र समस्त ग्राहक वर्ग, विद्युत व्यापारमा संलग्न संस्थाहरू, दातृनिकाय तथा विकास साझेदार, निजीक्षेत्र, पत्रकार बन्धुहरू लगायत समस्त तह र तप्काका व्यक्ति, सङ्घ-संस्थाहरू प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

प्रतिकुल परिस्थितिमा पनि उच्च मनोबलका साथ जिम्मेवारीपूर्वक प्राधिकरणका हरेक कार्यहरूमा एकताबद्ध भई संस्थाको लक्ष्य र उद्देश्य प्राप्तिका लागि समर्पित प्राधिकरणका आधिकारिक ट्रेड युनियन, क्रियाशिल ट्रेड युनियनहरू एवं सम्पूर्ण कर्मचारीहरूलाई विशेष धन्यवाद दिन चाहन्छु ।

आवश्यक सुरक्षा र सतर्कताका अपनाउँदा-अपनाउँदै पनि गतवर्ष विद्युतीय दुर्घटनाका कारण आफ्नो ज्यान गुमाउनुहुने प्राधिकरणका कर्मचारी तथा सर्वसाधारण प्रति हार्दिक समवेदना प्रकट गर्दै घाइतेहरूको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । आगामी दिनहरूमा विद्युतीय दुर्घटना हुन नदिन थप सतर्कता अपनाई प्रभावकारी सुरक्षा उपाय अवलम्बन गरिने विश्वास दिलाउन चाहन्छु ।

अन्त्यमा, समस्त उपभोक्ताहरूलाई गुणस्तरीय, भरपर्दो र सर्वसुलभ विद्युत आपूर्ति गरी उत्कृष्ट सेवा प्रवाह गर्ने प्रतिबद्धता व्यक्त गर्दै नेपाल विद्युत प्राधिकरणको कार्य सम्पादन र उपलब्धिमा प्रत्यक्ष वा परोक्षरूपमा सहयोग गर्नुहुने सबैप्रति पुनः एक पटक हार्दिक आभार प्रकट गर्दछु ।

धन्यवाद ।

मिति : २०८२ भदौ १ गते ।

**हितेन्द्र देव शाक्य**
कार्यकारी निर्देशक
नेपाल विद्युत प्राधिकरण

# उद्योगहरूले प्रयोग गरेको विद्युत् महसुल तिर्नैपर्छः मन्त्री खड्का



**काठमाडौं/मस–** उर्जा, जलश्रोत तथा सिंचाईमन्त्री दीपक खड्काले उद्योगहरुले प्रयोग गरेको विद्युत्को महसुल तिर्नुपर्दैन भनेर सरकारले कहिल्यै नभनेको स्पष्ट पारेका छन् ।

विद्युत् प्राधिकरणले प्रवाह गरेको विद्युत् उद्योगधन्दाहरुमा प्रयोग भएको र महसुल नतिरेर थन्किएको अवस्था रहेको उनले बताए । त्यसरी सधैँ रही रहनु दुर्भाग्यपूर्ण भएको पनि उनले बताए ।

नेपाल विद्युत् प्राधिकरणको ४० औं वार्षिकोत्सवका अवसरमा शुक्रबार प्राधिकरणमा कार्यरत कर्मचारीलाई दीर्घसेवा पदक, अवकाश पदक र अमर विद्युतकर्मीलाई सम्मान कार्यक्रममा बोल्दै मन्त्री खड्काले उद्योगधन्दाहरुले प्रयोग गरे जति विद्युत्को महसुल तिर्नुपर्ने बताए ।

सरकारले सधैँ प्रयोग गरेको जति विद्युत्को महशुल तिर्नुपर्ने बताएको पनि उल्लेख गरे । प्रयोग भएको विद्युत्को महसुल तिर्नुपर्दैन भन्नेकुरा सरकारको कल्पना बाहिरको कुरा रहेको उनले बताए ।

उनले भने, 'हामीले प्रवाह गरेको विद्युत्, उद्योग धन्दाहरुमा दिएको विद्युतको महशुल नतिरेर थन्किएको अवस्थामा छ । त्यसरी सधैँ रही रहनु दुर्भाग्यपूर्ण हो । जति प्रयोग गरेको हो, त्यो बराबरको असुल गर्न सक्नुपर्छ । त्यो तपाईंहरुको होइन, विद्युत् प्राधिकरणको काम हो । सरकारले कहिले पनि भनेको छैन । यो विद्युतको महसुल उठाउनु हुँदैन भनेर । सरकारले यति मात्रै भनेको छ । चाहे त्यो लाल आयोगको कुरा गर्नुस्, चाहे क्याबिनेट निर्णयको कुरा गर्नुस् वा मन्त्रालयको निर्णयको कुरा गर्नुस्, खाली के भनेको छ भने मान्छेलाई अन्याय हुन दिनुहुँदैन, जति प्रयोग गरेको हो, त्यतिको असुली गर्नुपर्दछ । अहिले तपाईंले खाइरहेको खाना १ हजार, १५ सयको हुनसक्छ, त्यसको निश्चित मूल्य छ । त्यसका आधारहरु छन् । तर त्यो खानालाई ५ हजार रुपैयाँ हाल्नुभयो भने के हुन्छ ? फरक यति मात्रै हो । तिर्नु पर्दैन, उठाउनु हुँदैन भन्ने यो सरकारको कल्पना भन्दा बाहिरको कुरा हो ।'

उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय उद्योगलाई निरुत्साहित गरेर नभइ न्यायोचित प्रक्रियाबाट काम गरेर अघि बढ्न जरुरी रहेको पनि उनले बताए ।

टिओडी मिटरका आधारमा रकम असुल गर्ने उल्लेख गरिएको भन्दै टिओडी मिटर किन नराखेको भन्दै उनले प्रश्न गरे ।

# मलेसियामा वैधानिक विवाह गरेका नेपाली परिवारबीच भेटघाट

**तिलोचन गौतम/मध्यान्ह**
मलेसिया, ३१ साउन



नेपाल-मलेसिया अन्तरसांस्कृतिक परिवार संघ मलेसियाको आयोजनामा मलेसियामा वैधानिक रूपमा विवाह गरी बसोबास गरिरहेका नेपाली दाजुभाइ र दिदीबहिनीहरूको भेटघाट तथा परिचयात्मक कार्यक्रम क्वालालम्पुरमा सम्पन्न भएको छ ।

कार्यक्रममा विभिन्न राज्य र शहरबाट आएका सहभागीहरूले आपसी चिनजान, अनुभव आदानप्रदान तथा भविष्यमा एक आपसलाई सहयोग गर्ने विषयमा छलफल गरेका थिए । वैवाहिक जीवनसँग सम्बन्धित चुनौती, कानुनी प्रक्रिया, सामाजिक समायोजन र सांस्कृतिक विविधता व्यवस्थापनबारे सहभागीहरूले आफ्ना विचार व्यक्त गरेका थिए ।

एसोसिएसनका पदाधिकारीहरूले यस्ता कार्यक्रममा सहभागिता गरेर परिवारबीच आत्मीयता, विश्वास र सहयोगी भावनालाई थप बलियो बनाउन सकिने बताएका थिए । साथै, प्रवासमा रहेका अन्तरसांस्कृतिक परिवारका समस्याहरू सम्बोधन गर्न साझा आवाज उठाउने र समुदायलाई एकजुट बनाउने प्रतिबद्धता व्यक्त गरिएको थियो ।

कार्यक्रमको अवसरमा केसु थापाको संयोजकत्वमा १७ सदस्यीय समिति गठन गरिएको छ । समितिमा उप-समन्वयक लक्ष्मी पोखेल, सदस्यहरू राजु सर्मा, सागर कोइराला, किरण थापा, उमेश प्रसाईं, निलकण्ठ न्यौपाने, सेल्भी बोहोरा, दीपक बोहोरा, इस्वर आले मगर, नेत्र केसि, राकेस प्रसाद महतो, रञ्जित क्षेत्री, अन्जु श्रीमाल, प्रदिप श्रेष्ठ, बिनोद पाण्डे रहेका छन् भने संरक्षक सल्लाहकारमा संकर बहादुर पौडेल रहनेछन् ।

समिति संयोजक थापाले कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्दै आफ्नो पुस्तापछि पनि परिवारलाई नेपालसँग जोड्न र भाषा तथा संस्कृतिलाई सम्बर्द्धन गर्न दिगो सोचसहित यो पहल गरिएको बताएका थिए । कार्यक्रम संचालनमा रहेका रञ्जित क्षेत्रीले परिवारबीच सहकार्यको ढोका खोल्न सफल भएकोमा खुशी व्यक्त गरेका थिए ।

# मोना कतारको आयोजनामा चौथो रमाइलो तिज कार्यक्रम सम्पन्न

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, ३१ साउन



म्याग्दी प्रवासी नेपाली संघ (मोना) कतारले चौथो रमाइलो तिज कार्यक्रम-२०२५ सफलतापूर्वक सम्पन्न गरेको छ । तीन वर्षदेखि हरेक हरितालिका तिजमा आयोजना गर्दै आएको मोनाले यस वर्ष पनि म्याग्देली भेला, सम्मान र सांस्कृतिक कार्यक्रमका माध्यमबाट पर्व मनाएको हो । कार्यक्रम शुक्रबार अलत्तियामा रहेको फूलबारी रेस्टुरेन्टको सभा हलमा दिउँसो २ बजेबाट सुरु भएको थियो । मोना कतार, अक्षयकोष र महिला विभागको आयोजना तथा सांस्कृतिक र खेलकुद विभागको सहआयोजनमा सम्पन्न कार्यक्रममा म्याग्देली थाली नाचसहित तिजका गीतमा आकर्षक नृत्य प्रस्तुत गरिएको थियो । यामुना पटेलले कार्यक्रमको उद्घाटन गरेकी थिइन् भने अजु सेवक, दिपा खाती र सुधा परियारले पनि नृत्य प्रदर्शन गरेका थिए ।

कार्यक्रममा गायन प्रस्तुतिका लागि रेश्मी सेन्चुरी र तारा बिसीले उपस्थित दर्शकहरूलाई नचाएका थिए । घुम्रे जुल्फि गीतमा देवी कँडेल र नृत्याङ्गना पटेल लगायतका कलाकारको गीति नाटकले मनोरञ्जन थपेको थियो । कार्यक्रममा प्रस्तुति दिने कलाकारहरूलाई नगदसहित सम्मान गरिएको थियो भने कतारमा भर्खरै स्थापना भएको ब्युटी कम्पनी उजोवा र बिउटी क्लिनिकले पनि उपहार प्रदान गरेका थिए ।

खेलकुद विभागमा विशेष योगदान गरेका फिलिपिनो नागरिक जुलिएस सेगुरा कलेम र बिल बहादुर थजालीलाई मायाको चिनोसहित सम्मान गरिएको थियो । साथै मोना कतारको बहुउद्देश्यीय अक्षयकोषका आजीवन र संरक्षक सदस्यता प्रमाणपत्रसमेत हस्तान्तरण गरिएको थियो ।

कार्यक्रमका अध्यक्ष बाबुराम भण्डारी र प्रमुख अतिथि मोना आइइसीका कोषाध्यक्ष नरेन्द्र फगामीले संस्कृतिको संरक्षण र चेलीबेटीहरूको एकत्रिकरणका लागि मोनाले गरेको योगदानको प्रशंसा गरेका थिए । वरिष्ठ उपाध्यक्ष देवी कँडेलले स्वागत मन्तव्य राखेकी थिइन् भने कार्यक्रम संयोजक टिका रोकाले कार्यक्रमको उद्देश्य र विवरण प्रस्तुत गरेकी थिइन् ।

सांगीतिक र सांस्कृतिक वातावरणमा सम्पन्न कार्यक्रममा गण्डकी प्रदेश तथा मातहतका जिल्ला संस्था,नेपाली महिला समाज कतारका प्रतिनिधि र करिब ३ सय म्याग्देली तथा गैर म्याग्देली सहभागी भएका थिए । कार्यक्रम महासचिव शिव खड्काको सहजीकरणमा सम्पन्न भएको थियो भने समापन सभाध्यक्ष भण्डारीले गरेका थिए ।

# देउवापार गाइजद्वारा तिज गीत प्रतियोगिता सम्पन्न

**प्रदीप ज्ञवाली/मध्यान्ह**
सैनामैना, ३१ साउन



सैनामैना-७ देउवापारमा रहेको देउवापार गाइजले वडा स्तरीय तीज गीत प्रतियोगिता सम्पन्न गरेको छ । प्रतियोगितामा वडा भित्रका १० वटा समूह तथा संस्थाहरूले प्रस्तुति दिएका थिए ।

प्रतियोगितामा महालक्ष्मी कृषि समूह प्रथम, दुर्गा महिला समूह द्वितीय, र बहुलक्ष्मी आमा समूह तृतीय भएका छन् ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि वडाध्यक्ष राजकुमार चौधरीले क्लबको सक्रियतालाई धन्यवाद दिँदै प्रतियोगितामा प्रस्तुत गीतहरूले उठाएका विषय सान्दर्भिक रहेको बताए । उनले नेपाल कला-संस्कृतिमा धनी भएकोले यसलाई संरक्षण गर्नु आवश्यक रहेको र अर्को वर्ष यस्तै भव्य कार्यक्रम वडाको आयोजनामा गरिने जानकारी दिए ।

समाजसेवी टिकाराम उप्रेतीले तीज गीतमा महिलाका कुरा समेटिनुपर्ने बताए । निवर्तमान कार्यपालिका सदस्य देवी कार्कीले तीज पर्व महिलाहरूले सुख-दुःख साटासाट गर्ने अवसर भएको बताइन् । लायन्स क्लब सैनामैना मलमलाका अध्यक्ष जीवन घिमिरेले तीज गीतले नेपाली संस्कृतिको चित्रण गरेको बताए । पत्रकार रमेश गैरेले गीतमा व्यक्त भएका विषय सम्बन्धित निकायले सम्बोधन गर्नुपर्ने सुझाव दिएका थिए ।

कार्यक्रममा कलाकार अमृत सुनारको सांगीतिक प्रस्तुति रहेको थियो, जसले अतिथि तथा दर्शकहरूलाई नचाएका थिए । कार्यक्रम क्लबका अध्यक्ष विशाल पौडेलको अध्यक्षता, वडाध्यक्ष राजकुमार चौधरीको प्रमुख आतिथ्यता, विभिन्न संघसंस्था तथा सहयोगी दाताहरूको आतिथ्यता रहेको थियो । संयोजक शोभा थापाले स्वागत मन्तव्य राखेको कार्यक्रममा क्लबका सचिव आर्यन घिमिरेको सञ्चालन गरेका थिए ।

# 'नेपालका चौसट्ठी जयोतिर्लिङ्गी तथा पशुपति महिमा' पुस्तक लोकार्पण



**काठमाडौं/मस–** श्रीकृष्ण जन्माष्टमी २०८२ को अवसरमा वैदिक साहित्यका अनुसन्धाता पं.अच्युतप्रसाद पौडेल 'चिन्तन' द्वारा लिखित 'नेपालका चौसट्ठी जयोतिर्लिङ्ग तथा पशुपति महिमा' पुस्तक एक समारोकाबीच लोकार्पण गरिएको छ ।

गङ्गेश्वर शिव पाञ्चायन मन्दिर, पानी ट्यांकी, बौद्ध-६ मा आयोजित कार्यक्रममा प्रमुख अतिथि पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव सुभाषचन्द्र जोशी, वयोवृद्ध स्थानीय रामेश्वर नेपाल, मन्दिर समितिका अध्यक्ष डा. रमेशप्रसाद न्यौपाने र लेखक पं. पौडेल 'चिन्तन' उपस्थित थिए ।

सो पुस्तकमा प्रसिद्ध पशुपतिनाथ लगायत नेपालका १० जिल्लामा रहेका ६४ सिद्ध, आदि र स्वयम्भू ज्योतिर्लिङ्गहरुको बारेमा विस्तृत चर्चा गरिएको छ । लोकार्पण समारोहमा धार्मिक तथा आध्यात्मिक क्षेत्रमा अनुभवसंपन्न लेखक चिन्तनले पुस्तकका प्रमुख अंश र महत्त्वबारे जानकारी गराएका थिए ।

लेखक चिन्तनले यसअघि पनि दर्जनौं पुस्तक प्रकाशित गरिसकेका छन् र धार्मिक तथा सांस्कृतिक क्षेत्रमा उनको योगदानलाई विशेष महत्व दिइन्छ । कार्यक्रममा उपस्थित सहभागीहरूले पुस्तकको धार्मिक, ऐतिहासिक र सांस्कृतिक मूल्यको सराहना गरेका थिए ।

# साहित्यकार खड्काद्वारा देवीको मूर्ति प्रतिस्थापनमा सहयोग



**काठमाडौं/मस–** सिन्धुपाल्चोकको लिशंखुपाखर गाउँपालिका-६, पेट्कुस्थित मन्दिरमा देवीको मूर्ति पतिस्थापनका लागि साहित्यकार हिराबहादुर खड्काले १ लाख १ रुपैयाँ सहयोग गरेका छन् ।

उक्त सहयोग रकम मन्दिर निर्माण तथा व्यवस्थापन समितिका अध्यक्ष रामशरण खड्कालाई औपचारिक समारोहबीच हस्तान्तरण गरिएको थियो ।

खड्काले मन्दिर सञ्चालन दीगो बनाउन प्रत्येक सदस्यले मासिक रु. ५०० कोषमा जम्मा गर्ने प्रस्ताव पनि राखेका थिए, जसलाई समितिले सर्वसम्मतिले पारित गरेको छ ।

साथै, काठमाडौंबाट आउने भक्तजन र दाताहरूलाई आवासीय सुविधा प्रदान गर्न परिवार आवास गृह निर्माण गर्ने जिम्मेवारी समितिले लिने निर्णय गरेको छ । मन्दिर निर्माण समितिको नेतृत्व रामशरण खड्काले गरेका छन् । समितिमा सचिव राजेन्द्र खड्का, कोषाध्यक्ष सन्तोष खड्का र सदस्यहरू राजकुमार खड्का, बिनोद खड्का, सुरुज खड्का र रमेश खड्का रहेका छन् । समितिका पदाधिकारी र स्थानीयवासीहरूले साहित्यकार खड्काद्वारा गरिएको योगदानप्रति उच्च सम्मान र कृतज्ञता व्यक्त गरेका छन् ।

# सूर्य अस्ताउँदा मुड्केचुलाका टावर बन्द सञ्चार सेवाबाट वञ्चित नागरिक

**पूर्ण सार्की/मध्यान्ह**
डोल्पा, ३१ साउन

हिमाली जिल्ला डोल्पाको मुड्केचुला गाउँपालिकाभित्र रहेका टेलिफोनका टावरहरू सूर्यको प्रकाशसँगै अस्ताउने गरेका कारण स्थानीयवासी निरन्तर सञ्चार सेवाबाट वञ्चित हुने गरेका छन् ।

पालिका भित्रका दुईवटा टावर र एउटा रिपिटर टावर गरी तीनवटा टावर सञ्चालनमा रहेका छन् । तर ती टावरहरू सूर्यास्तसँगै बन्द हुने गरेका कारण यहाँका नागरिक लामो समयदेखि सञ्चार अभावको समस्यामा परिरहेका छन् ।

स्थानीयका अनुसार पालिकाभर नै टावर 'अस्ताउने' समस्या देखिएको हो । पालिकाका धेरैजसो क्षेत्रमा घाम लागेको दिन बेलुकी करिब ५ बजेसम्म मात्र मोबाइल नेटवर्क चल्ने गरेको छ । कतिपय स्थानमा भने राति १० बजेसम्म सेवा उपलब्ध भएपनि घाम नलागेका दिन सूर्यास्तसँगै नेटवर्क पूर्ण रूपमा अवरुद्ध हुने गरेको छ । करिब साढे ७ हजार जनसंख्या रहेको यस पालिकाका नागरिक सञ्चार अभावका कारण दिनहुँ कठिनाइ खेपिरहेका छन् ।

सञ्चार सुविधा नहुँदा विद्यालय, स्वास्थ्य संस्था, सरकारी कार्यालयदेखि सामान्य जनजीवनसमेत प्रभावित भएको स्थानीयले गुनासो गरेका छन् । आपतकालीन अवस्थामा सूचना आदान-प्रदान गर्नसमेत समस्या हुने गरेको इल प्रहरी चौकीले जनाएको छ । मुड्केचुला गाउँपालिकाका अध्यक्ष दत्त शाहीका अनुसार, पालिकाभित्रका गाउँमा राखिएका नेपाल टेलिकमका टावरहरू सौर्य ऊर्जाबाट सञ्चालित भएकाले लगातार घाम नलाग्दा ब्याट्री चार्ज नहुने समस्या उत्पन्न हुने गरेको हो ।


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

(पहिलो पटक प्रकाशित मिति : २०८२/०५/०१)

यस कम्पनीको विशेष साधारण सभा बैठकको निर्णयबमोजिम साविक नाम ईन्जिनियर्स कन्स्ट्रक्सन एण्ड माईन क्राफ्ट प्रा.लि. को नाममा रहेको सम्पूर्ण चल–अचल सम्पत्ति तथा तिर्नु–व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम कस्तुरी कन्स्ट्रक्सन एण्ड माईन क्राफ्ट प्रा.लि. कम्पनीले सकार्ने गरी नाम परिवर्तन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

कस्तुरी कन्स्ट्रक्सन एण्ड माईन क्राफ्ट प्रा.लि.

## गौरीशङ्कर बहुमुखी क्याम्पस

चरीकोट, दोलखा

### बोलपत्र आह्वानको सूचना

प्रकाशित मिति २०८२/०५/०१

यस क्याम्पसको बोलपत्र सम्बन्धी सूचना IFB No: 01-GSMC/Works/2082-83, Construction of Academic Building, https://bolpatra.gov.np/egp/ मा प्रकाशित गरिएको छ, विस्तृत जानकारीको लागि यस क्याम्पसमा सम्पर्क राख्नुहुन तथा । सम्बन्धित Website https://bolpatra.gov.np/egp/) Visit गर्नुहुन अनुरोध छ ।

क्याम्पस प्रमुख

## कागजात हरायो

खम्पुपासाङ, गा.पा. १ खरिखोला (साविक जौलिङ ०९) स्थायी ठेगाना भएको हाल बौद्ध तिनचुली बस्ने बाबुराम मगर को कार्यरत कार्यलय थलि बाट जोरपाटी सम्म आइपुग्दा पोखरा विश्वविद्यालय अन्तर्गतको CIST कलेजमा अध्ययन गरेको Bachelor of public health विषयको character certificate, Academic Transcript of provisional certificates हरु सहितको सम्पूर्ण कागजतहरु हराएको हुदा फेला पार्नुहुने महानुभावहरुले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गरिन्छ ।

सिम्बोल नं. : 11370083
रजिष्ट्रेशन नं. : 2010-1-37-0117
फोन नं. : 9849098773
9849405385

## नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७३/०३/०६ मा दर्ता भएको दर्ता नं. १५११३१ को श्री म्याक्सीमाइण्ड एण्ड सुपरटोन इलेक्ट्रोनीक टेक्नोलोजी नामक कम्पनी यस कार्यालयको मिति २०८२/०४/३० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) को विशेष व्यवस्था बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७६/०९/०७ मा दर्ता भएको दर्ता नं. २३०९५८ को श्री पर्ल्स फाउण्डेशन नामक कम्पनी यस कार्यालयको मिति २०८२/०४/३० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) को विशेष व्यवस्था बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## यूएईमा रोजगार

कम्पनी: A B R E CONTRACTING LLC — शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८१/१२/१० — चलानी नं.: ६०२३५०८१ — L.T. No.: 320829 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Auto Mechanic (Ac Mechanic & Electrical Mechanic) | 2 | 0 | सम्बन्धित काममा दक्ष | 2000 | ७६,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Building Labour | 1 | 0 | | 1200 | ४५,६७२ | | | | | | | |
| 3. | Carpenter | 9 | 0 | | 1400 | ५३,२८४ | | | | | | | |

अन्तर्वार्ता मुनाल ट्रेनिङ सेन्टर, इटहरीमा २०८२ भदौ ८ गते (24 August 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
Ph.: 4962686 |4985786 | 4985784 |9801059994, 9801059992, 9801059997, 9801056689
Chitwan Contact No: 056-565123690, 056-56512368, 9769328733, 9763597744,
Itahari Contact No: 9816368105 | 9810591900, Pokhara Contact No : 9856035442 | 9804162771
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal
इजाजत पत्र नं. ६५७/०६३/०६४

## सम्पादकीय

# आयोजनालाई गति देऊ

नेपालमा विकास आयोजनाको अवस्था कस्तो छ ? जवाफका लागि कुनै एउटा राजमार्ग हेरे पुग्छ । एउटा राजमार्गमा सयौं ठाउँमा पुल बनाउने योजना बन्छ र अगाडि बढ्छ, तर वर्षौंसम्म आयोजना सम्पन्न हुँदैनन् । एकातिर पुल बन्दैछ भनेर नागरिकलाई आशा देखाइरहने र अर्कोतिर वर्षौंसम्म नबनाएर नागरिकलाई सास्ती दिने दोहोरो भूमिकाले नेपालको समग्र विकास नै प्रभावित तुल्याएको छ । आयोजना लम्ब्याएर बिचौलियाले आर्थिक लाभ दिने गरी नीति नै बदल्ने नेतृत्व शासन सत्तामा रहेको भनेरसमेत प्रश्न उठ्ने गरेको छ । यस्तो प्रवृत्तिले नागरिकमा समेत निराशा छ । यसको ज्वलन्त उदाहरण हो– पूर्वपश्चिम हुलाकी राजमार्गस्थित रौतहट–सर्लाही जोड्ने दुर्गा भगवती गाउँपालिकाको बडहरवामा बागमती नदीमा निर्माणाधीन पुल । जसको निर्माण सुरू भएको १६ वर्ष भयो । निकै तामझामका साथ शिलान्यास भएको पुल समयमा निर्माण नहुँदा स्थानीय जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् ।

पुलहरू निर्माणको काम पनि जतासुकै अलपत्र छ । रौतहटकै गौर–ईशनाथ नगरपालिका जोड्ने बकिया पुल निर्माण सुस्त छ । गुजरा नगरपालिकाको लमहा नदी पुल २०७५ वैशाख २० गतेसम्म बनिसक्नुपर्ने थियो, तर अझैसम्म बनेको छैन । गैडाटारस्थित चाँदी नदीमा निर्माणाधीन पुल पनि समयमा निर्माण हुन सकेको छैन । कटहरिया–गरूडा जोड्ने झाझ खोलामा पुल, तरहरी–झझ पुल, कटहरिया–गुजारा खोलाको पुल, तरहरी खोला पुल, पिपरिया दोस्तियालगायतका दर्जनौं पुल समयमा निर्माण हुन सकेका छैनन् । पुल मात्रै होइन, अन्य आयोजनाको अवस्था पनि उस्तै छ । भारतीय दूतावासको सहयोगमा रौतहटको गौरको जुद्ध माविमा निर्माणाधीन छात्रावास निर्माणको काम दुई दशकदेखि ठप्प छ । यसले देखाउँछ नेपालमा अयोजनाको योजना बन्छ, बजेटमा पर्छ, तर समयमा बन्दैन । समयमा बनाउन नसकिने आयोजना किन अगाडि बढाउने ? अगाडि बढाएको आयोजना समयमा नबनाउनेलाई किन कारबाहीमा नल्याउने ? यो प्रश्नको जवाफ दिन कोही तयार छैन । किनभने शासन सत्तामा रहेकाहरू समेत आयोजनाको योजना बाँड्न तल्लिन छन्, योजना बनाउन तदारूकता देखाइरहेका छैनन् ।

समयमै आयोजना नबन्नुको कारण के हो ? धेरैले दिने जवाफमा बजेट अभाव भन्ने आउँछ । यदि यही समस्या हो भने सरकारले सक्ने काम गर्छु भनेर बजेट विनियोजन गर्नुपर्छ । होइन भने अन्यथा जवाफ दिएर उम्किन मिल्दैन । समयमा आयोजना नबन्नुको अर्को कारण समयमै बजेट कार्यान्वयन नहुनु पनि हो । बजेट आएपछि कार्यान्वयनमा जाने प्रक्रिया नै लामो छ । जेठ १५ गते आएको बजेट माघ, फागुन महिनामा गएर कार्यान्वयन सुरू गर्ने अभ्यासमा समस्या पार्दै आएको छ । यस्तो अभ्यासले एकातिर गुणस्तरहीन काम भइरहेको छ भने अर्कोतिर समयमै योजना सम्पन्न हुन सकिरहेको छैन । यसकारण विकास आयोजना समयमै सुरू गर्नु र गुणस्तरीयताको निरन्तर अनुगमन गर्नु नै तत्कालको आवश्यकता हो । सरकारले यसमा ध्यान दियोस् ।

# पेन्सन र भत्ताको भार

*धेरै संस्थाहरू पहिले नै आर्थिक रूपमा कमजोर छन्, तर तिनीहरूको पेन्सन दायित्व बढ्दै गएको छ । सबै सरकारी निकाय, संस्था र समितिहरूलाई योगदानमा आधारित पेन्सन प्रणाली अन्तर्गत ल्याएमा मात्रै आर्थिक दबाब कम गर्ने अपेक्षा गर्न सकिन्छ...*

अग्रलेख



● शंकरमान सिंह

नेपाल सरकारले आर्थिक वर्ष २०८२/८३ देखि नियुक्त हुने कर्मचारीहरूलाई पेन्सन र उपदान सुविधा बन्द गर्दै योगदानमा आधारित सामाजिक सुरक्षा प्रणाली लागू गर्ने निर्णय गरेको छ । यस प्रणालीले राज्यलाई दीर्घकालीन आर्थिक दायित्वबाट मुक्त गर्ने उद्देश्य राखेको छ। यो परिवर्तनले कर्मचारीले मासिक तलबबाट योगदान गर्ने र सेवा अवधिपछि योगदानको आधारमा सामाजिक सुरक्षा सुविधा पाउने व्यवस्था मिलाइनेछ ।

गत आर्थिक वर्ष २०८१/८२ मा सरकारले पेन्सनमा मात्र ८० अर्ब ८ करोड रुपैयाँ खर्च भएको थियो, जुन अघिल्लो वर्षको तुलनामा ३.७६ प्रतिशत बढी हो। आर्थिक वर्ष २०७२/७३ मा यो खर्च २६ अर्ब ९२ करोड मात्र थियो । यसरी हेर्दा, एक दशकमा पेन्सन खर्च तीन गुणाभन्दा बढी भएको छ । हाल ३ लाख ५४ हजारभन्दा बढी सेवानिवृत्त कर्मचारीले पेन्सन लिइरहेका छन् ।

निजामती, सेना, प्रहरी र शिक्षकजस्ता समूहहरूको पेन्सन खर्च गत वर्ष लगभग ८१ अर्ब रुपैयाँ पुगेको छ। यस्ता खर्चहरूको वृद्धिले राज्यको वित्तीय क्षमतामा गम्भीर दबाब पुऱ्याइरहेको देखिन्छ। धेरै संस्थाहरू पहिले नै आर्थिक रूपमा कमजोर छन्, तर तिनीहरूको पेन्सन दायित्व बढ्दै गएको छ । सबै सरकारी निकाय, संस्था र समितिहरूलाई योगदानमा आधारित पेन्सन प्रणाली अन्तर्गत ल्याएमा हामी आर्थिक दबाब कम गर्ने अपेक्षा गर्न सकिन्छ ।

वि.सं. २०७५ साउन १ देखि सरकारी सेवामा नियुक्त हुने कर्मचारीहरूका लागि योगदानमा आधारित निवृत्तिभरण योजना लागू गरिएको थियो । यस योजनामा कर्मचारी र सरकार दुवैले निश्चित अनुपातमा योगदान गर्ने र सेवाको अन्त्यमा जम्मा रकमअनुसार सेवा सुविधा पाउने व्यवस्था छ । तथापि, हालसम्म पनि पुरानो प्रणाली अन्तर्गत पेन्सन लिनेहरूलाई राज्यले पूरै रकम वहन गर्दै आएको छ । यो प्रणाली विस्तारका क्रममा अब सबै नयाँ नियुक्तिहरूलाई समेट्ने निर्णय भएको छ। ऐनअनुसार, यदि योगदान प्रणाली लागू नगरेमा भविष्यमा पेन्सन खर्च वार्षिक १ खर्ब २५ अर्बसम्म पुग्नसक्ने र राज्यकोषले थेग्न नसक्ने अवस्था आउन सक्ने प्रक्षेपण गरिएको छ ।

अर्कोतर्फ, सामाजिक सुरक्षा भत्ता लिने लाभग्राहीको संख्या पहिलो पटक घटेको छ । आर्थिक वर्ष २०८१/८२ मा २२ हजार ८८५ लाभग्राही कम हुँदा ४ अर्बभन्दा बढी रकम जोगिएको छ । राष्ट्रिय परिचयपत्र प्रणालीसँग भत्ता प्रणाली जोडिएपछि दोहोरो भत्ता लिने रोकिएको अनुमान गरिएको छ । हाल जेष्ठ नागरिक, दलित, एकल महिला, विधवा, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख जाति र बालबालिका गरी ६ वटा समूहले सामाजिक सुरक्षा भत्ता पाइरहेका छन् । तर, कुल जनसंख्याको ०.७ प्रतिशत मात्रले यो सुविधा पाएका छन् । कृषक, स्वरोजगारी र निजी क्षेत्रमा कार्यरत अधिकांस श्रमिकहरू अझै पनि प्रणालीबाहिर छन् ।

संघीय निजामती सेवा ऐनले अवकाश उमेर ५८ बाट बढाएर ६० गर्ने प्रस्ताव गरेको छ । सेना र प्रहरीको सेवा अवकाश उमेर अझै पनि ३६-३८ वर्ष छ । आयु बढ्दो अवस्थामा पुराना उमेर सीमाले पेन्सन लाभ लिनेको संख्या र अवधि दुबै बढाउने काम गरेको छ। यसले सरकारलाई थप बोझ परेको देखिन्छ ।

फ्रान्स लगायतका युरोपेली मुलुकहरूले पनि पेन्सन खर्च नियन्त्रण गर्न अवकाश उमेर बढाएका छन् । फ्रान्सले ६२ बाट ६४ बनाएको छ र ४३ वर्षको काम अनुभव अनिवार्य गरेको छ। यस्ता अभ्यासले नेपाललाई पनि सेवा अवधिको पुनरावलोकन र दिगोपन सुनिश्चित गर्न उत्प्रेरणा दिन सक्छ ।

करीब एक दशकको अवधिमा सरकारलाई पेन्सनको भार ३ गुणाभन्दा बढी परेको छ । आर्थिक वर्ष २०७२/७३ मा सरकारले पेन्सनबापत २६ अर्ब ९२ करोड रुपैयाँ भुक्तानी गरेको थियो । निवृत्तभरण व्यवस्थापन कार्यालयबाट निजामती कर्मचारी, शिक्षक, सेना र प्रहरीले पेन्सन लिइरहेका छन् । पेन्सन लिनेहरूको संख्यासँगै रकम पनि हरेक वर्ष बढ्दो छ । गत असार मसान्तसम्म पेन्सन पाउनेको संख्या ३ लाख ५४ हजार ८८१ पुगेको थियो ।




सँगै, नेपालको पेन्सन प्रणाली अहिलेसम्म योगदानमा आधारित नभई पूर्णतः सरकारद्वारा पोषित छ। जबसम्म योगदानमा आधारित बन्दैन तबसम्म सरकारका लागि टाउको दुखाईको अवस्था बनिरहनेछ । सँगै, पेन्सन कार्यक्रम सीमित सरकारी कर्मचारीका लागि मात्रै बनाइनु हुँदैन । जसले समाजमा निरन्तर विग्रह ल्याउँछ । सामाजिक सुरक्षा कार्यक्रममार्फत निजी क्षेत्रलाई पनि जोड्न सकिन्छ । जसलाई दिगोरूपमा अगाडि लैजानु अहिलेको आवश्यता हो ।

तथापि, वर्तमान प्रणाली अझै पनि अपारदर्शी र असक्षम देखिन्छ। धेरै सरकारी संस्थाहरू आर्थिक रूपमा कमजोर हुँदा पनि उनीहरूको पेन्सन दायित्व बढ्दो छ ।

सामाजिक सुरक्षा भत्ताको विषयमा नगद स्थानान्तरणलाई कतिपयले मत प्राप्तिको लागि राजनीतिक उपकरणका रूपमा प्रयोग भएको आरोप लगाउँछन् । तर अन्तर्राष्ट्रिय प्रमाणले देखाउँछ कि नगद स्थानान्तरणले गरिबी न्यूनीकरणमा सकारात्मक प्रभाव पार्दछ।

> *नेपालको वर्तमान पेन्सन प्रणाली आर्थिक दायित्वको दृष्टिले निकै जोखिमपूर्ण बन्दै गएको छ । जसको दीर्घकालीन दिगोपन र पारदर्शिताका लागि योगदानमा आधारित प्रणालीको कार्यान्वयन अपरिहार्य भइसकेको छ । यदि योगदानमा आधारित प्रणालीमा जान सकेनौं भने त्यसको भार केही वर्षमा नै धान्न नसक्ने खालको हुनेछ...*

राज्यले यी योजनाहरूलाई वैज्ञानिक रूपमा डिजाइन गर्नुपर्छ, लक्ष्य समूह स्पष्ट गर्नुपर्छ, र परिणाम नियमित रूपमा मापन गर्नुपर्छ ।

नेपालको वर्तमान पेन्सन प्रणाली आर्थिक दायित्वको दृष्टिले निकै जोखिमपूर्ण बन्दै गएको छ । जसको दीर्घकालीन दिगोपन र पारदर्शिताका लागि योगदानमा आधारित प्रणालीको कार्यान्वयन अपरिहार्य भइसकेको छ। सामाजिक सुरक्षा प्रणालीलाई समावेशी, प्रभावकारी र लक्षित बनाएर मात्र हामी दीर्घकालीन आर्थिक सन्तुलन कायम गर्न सक्छौं । सरकारी नीति, कानुनी संरचना र सार्वजनिक बजेटको सदुपयोगमार्फत मात्र दीगो सुधार सम्भव छ ।

## इतिहासमा आज

१७ अगस्ट २००८ मा अमेरिकी पौडीबाज माइकल फेल्प्स एउटै ओलम्पिक खेलमा ८ स्वर्ण पदक जित्ने पहिलो व्यक्ति बनेका थिए ।




१७ अगस्ट २०१५ मा थाइल्याण्डको बैंककमा रहेको इरावान तीर्थस्थल नजिकै बम विस्फोट हुँदा कम्तिमा १९ जनाको मृत्यु र १२३ जना घाइते भएका थिए ।



१७ अगस्ट २०१७ मा स्पेनको बार्सिलोनाको ला रामब्लामा पैदल यात्रीहरूमाथि आतंककारी समूहको एक व्यक्तिले भ्यान चढाउँदा १४ जनाको मृत्यु र १०० जना घाइते भएका थिए ।



१७ अगस्ट २०१९ मा काबुलमा एक विवाह समारोहमा बम विस्फोट हुँदा ६३ जनाको मृत्यु र १८२ जना घाइते भएका थिए ।



# संवेदनशीलतामा खेलबाड नगरौं

विचार



● रूपा अर्याल

समाजको निर्माण व्यक्ति र सम्बन्धको संयोजनबाट भएको हो । जब सम्बन्धहरू सम्मान, सहमति र समानतामा आधारित हुन्छन्, त्यहाँ विकास, सहयोग र साझा जिम्मेवारीको सम्भावना देखिन्छ । तर, जब सम्बन्धमा एकपक्षीय निर्णय, शक्ति प्रदर्शन र शोषण प्रवेश गर्छ, तब त्यो सम्बन्धले आफैंले बोकेको मूल्य गुमाउँदै जान्छ ।

सम्बन्ध र विवाह दुई पृथक विषय होइनन् । विवाह कुनै यौनसम्बन्धको अनुमतिपत्र मात्रै होइन, त्यो दुई जनाबीचको सामाजिक, भावनात्मक र नैतिक सम्झौता पनि हो। यसको प्रभाव केवल दुई व्यक्तिमा सीमित हुँदैन, परिवार, समाज र भविष्यका पुस्तासम्म पुग्छ । यसैले विवाह संस्थालाई हरेक दृष्टिकोणबाट विवेकपूर्ण र जिम्मेवार बनाउनुपर्ने हुन्छ ।

नेपालमा पछिल्लो समय पुरुषलाई बहुविवाहको कानुनी ढोका खोल्ने गरी कानुनको मस्यौदा ल्याउने तयारी भएको विषय चर्चामा आयो । मस्यौदाको मर्म के हो भने कुनै पुरुषले घरमा श्रीमतीसँग मत नमिलेको कारण बाहिरको महिलासँग सम्बन्ध बनाएर सन्तान जन्माएको खण्डमा त्यो महिलाको अवस्था असहज हुने भएकाले बहुविवाहलाई वैधता दिनुपर्छ । सुरुमा यो कुरो सहानुभूतिपूर्ण जस्तो लाग्न सक्छ, तर यसले गम्भीर सामाजिक असर पार्न सक्छ भन्ने पक्ष हेर्न जरूरी छ । सम्बन्ध बिग्रिएको अवस्थामा कानुनी तवरबाट सम्बन्ध विच्छेद गर्ने व्यवस्था वर्तमान कानुनमा नै छ । त्यसलाई नअपनाई दोस्रो सम्बन्धलाई 'वैधता' दिने नाममा बहुविवाहको ढोका खोल्नु भनेको महिलामाथिको हिंसा र असमानतालाई संस्थागत गर्ने जोखिम मोल्नु हो ।

समाजमा महिला र पुरुषको सम्बन्धलाई बराबरीको नजरले हेर्न नसक्ने संस्कार अझै पनि गहिरोसँग जरा गाडेर बसेको छ । केही मानिस अझै पनि महिलालाई केवल पालनपोषण, सन्तान उत्पादन र पुरुषको सेवा गर्ने पात्रको रूपमा हेर्न चाहन्छन् । यस्तो सोचले महिलाको व्यक्तित्व, स्वतन्त्रता र क्षमतामाथि प्रश्नचिन्ह लगाउँछ । बहुविवाह भनेको केवल एक व्यक्तिको इच्छा पूर्ति मात्र होइन, त्यो अर्को व्यक्तिको जीवनमा हस्तक्षेप, अन्याय र असुरक्षाको कारण बन्न सक्छ । महिलाहरूको स्वास्थ्य, आत्मसम्मान र सामाजिक सुरक्षा जस्ता पक्षलाई उपेक्षा गर्ने कार्य हो बहुविवाह ।

यो समय एकल विवाह संस्थालाई अझ सुदृढ पार्नुपर्ने हो । महिला-पुरुष दुवैले परिपक्व भएर, समझदारीपूर्वक, समान भूमिकामा रही विवाहमा सहभागी हुन सकून् भन्ने वातावरण बनाउनु आवश्यक छ । एकल विवाहमा पारदर्शिता, आपसी सम्मान र साझेदारीको भावना बलियो बनाउनेतर्फ नीति बन्नुपर्छ । बहुविवाहको अनुमति दिँदा केके समस्या आउन सक्छन् भन्ने कुरामा गम्भीर छलफल आवश्यक छ । विशेषगरी महिलाको मानसिक स्वास्थ्यमा त्यसको असर, सम्पत्तिको विवाद, बच्चाहरूको अभिभावकीय असमझदारी र पारिवारिक संरचनामा देखिने गम्भीर असन्तुलन आदिलाई बेवास्ता गर्नु हुँदैन ।

नेपालजस्तो समाजमा जहाँ अझै पनि महिलाको सामाजिक, आर्थिक स्वतन्त्रता पूर्ण रूपमा सुनिश्चित भएको छैन, बहुविवाहजस्ता विषयहरूलाई पुनः कानुनी मान्यता दिनु भनेको उनीहरूको उपलब्ध अधिकारहरू खोस्ने मार्गप्रशस्त गर्नु हो । हामीले इतिहासबाट सिक्नुपर्छ । कहिले बाल विवाह, कहिले मागी विवाह अनि अहिले बहुविवाह – यी सबै अभ्यासहरू महिलामाथिको नियन्त्रणको एउटा रूप मात्र थिए। तर, २१औं शताब्दीको समाज यसरी चल्न सक्दैन। आज हामी स्वतन्त्रता, समानता र विवेकका आधारमा समाज बनाउने दाबी गर्छौं भने व्यवहार पनि त्यहीअनुसार हुनु जरुरी छ ।

समाजमा भएका अन्य विवाहसम्बन्धी समस्या समाधान गर्न पनि एकल विवाहमै केन्द्रित भई सुधारको बाटो लिनुपर्छ । विवाहको उमेर, निर्णय स्वतन्त्रता, अन्तरजातीय विवाहको स्वीकृति, वैवाहिक हिंसाविरुद्ध कडा कार्यान्वयन, महिला सशक्तीकरण यी विषयमा नीति निर्माण आवश्यक छ। सम्बन्धको मूल्य केवल सँगै बस्नु मात्र होइन, सँगसँगै अगाडि बढ्नु हो । यो समानतामा आधारित हिँडाइ हो, जसमा दुवै पक्षको इच्छा, भावना र निर्णयको सम्मान हुन्छ । यस्तो सम्बन्ध बनाउन हामीले पितृसत्ताको ऐतिहासिक बोझ हटाएर नयाां सोच विकास गर्न आवश्यक छ ।

बहुविवाहले न्याय ल्याउँछ भन्ने सोच आफैंमा भ्रमपूर्ण छ । यो असमानता, विभेद र हिंसालाई अझ कानुनी आड दिने प्रयास मात्र हो । त्यसैले अहिलेको आवश्यकता बहुविवाह पुनर्जीवन होइन, एकल विवाहको सुधार र सामाजिक समानताको अभियान हो । नेपाल जस्तो समाजमा हरेक कानुनी परिवर्तनको गहिरो सामाजिक प्रभाव पर्छ। विवाहजस्तो संवेदनशील विषयमा कानुन बनाउँदा त्यसले कसलाई फाइदा गर्छ, कसलाई हानि पुऱ्याउँछ भन्ने सवालमा गहिरो विश्लेषण हुनुपर्छ। महिला-पुरुषबीच बराबरीको सम्बन्ध, आपसी सम्मान र बफादारी कायम गर्ने संस्कार विकास गर्न सकियो भने मात्र हाम्रो समाज साँच्चिकै समतामूलक बन्नेछ । त्यसैले हराइसकेको बहुविवाहलाई पुनर्जीवित गर्ने होइन, समतामूलक समाज बनाउने कानुनी र सामाजिक पहल गरौं ।

> *बहुविवाहले न्याय ल्याउँछ भन्ने सोच आफैंमा भ्रमपूर्ण छ । यो असमानता, विभेद र हिंसालाई अझ कानुनी आड दिने प्रयास मात्र हो । त्यसैले अहिलेको आवश्यकता बहुविवाहलाई पुनर्जीवन दिने होइन, एकल विवाहको सुधार र सामाजिक समानताको अभियान हो...*

## सामाजिक सञ्जाल



**प्रेमकान्त अधिकारी**

अरूहरूले आरोप लगाए, आक्षेप आलोचना गरे भने त्यो अस्थिरता मच्चाउन सरकार असफल बनाउन खोजेको हुने, तर आफूले चाहिँ अरूहरूलाई जति आलोचना आक्रोश पोखे पनि हुने ? असन्तुष्टिहरू पोख्छन् नि त प्रतिपक्षले नागरिकहरूले नेतृत्वको शैली प्रवृत्तिको विरुद्धमा बोल्नै नपाइने हो र त ?



**नवराज पन्त**

गएको ४ वर्षमा एमडी पढ्न ६ हजार ३६८ जना डाक्टरहरू विदेश गए, मेडिकल प्रोफेसनको नेपालको इतिहासमा यो उच्च शिक्षाको निम्ति धेरै बिदेसिएको र उतै धेरैले उच्च तलब बुझेको अवस्था हो । यसबाट हामी पछि हट्नु हुँदैन, एमबिबिएसमा अत्यधिक कोटा बढाएर विश्वको मेडिकल पेसामा नेपालको पहुँच वृद्धि गर्नु पर्छ ।



**केपी ढुंगाना**

नेताका लागि डा. रामेश कोइराला यो देशमा हुनु र नहुनुको अर्थ छैन । सामान्य फलोअपका लागि समेत बैंकक र जापान जाने हैसियत छ उनीहरूको । तर, पारी भारत जान नसक्ने हजारौं 'आमाको मुटु'हरू जोगाउन डा. रामेश नेपालमै चाहिने चिकित्सक हुन् । बाँकी उनकै इच्छा ।



**मिलन पाण्डेय**

गङ्गालालका मुटु सर्जन डा. रामेशजीले देश छोडेको भन्ने कुराले दुखी छु । एउटा व्यक्तिले सिस्टमसँग 'कति' लड्ने भन्ने प्रश्न त थियो नै तर एउटा सक्षम मानिसले 'किन' लड्ने भन्ने पनि प्रश्न उठ्न थालेको छ । समय यस्तो आउनु हुँदैन कि, 'सिस्टमसँग लड्ने मानिस', 'देशमा बस्ने मानिस' मूर्ख ठहरियोस् ।

मध्यान्ह
www.madhyanhadaily.com



# अब युवाहरूलाई नै नेतृत्वमा ल्याउनुपर्छ

**प्रतिमा गौतम**
**प्रतिनिधि सभा सदस्य**



संसदका दुई ठूला दल सम्मिलित सरकार गठन भएको १३ महिना बितिसकेको छ । नागरिक तहमा देखिएको राजनीतिप्रतिको वितृष्णा कम गर्दै सुशासन, विकास र सेवा प्रवाहलाई चुस्त बनाउने ध्येयका साथ कांग्रेस-एमालेबीच सत्ता सहकार्यसँगै सातबुँदे सहमति भएको थियो । एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारले सहमतिअनुसार काम गर्न नसकेको चौतर्फी आलोचना भइरहेको छ । सत्ताको प्रमुख साझेदार दल नेपाली कांग्रेसका नेतासमेत सरकारको कार्यशैलीप्रति सन्तुष्ट छैनन् । तर यही गठबन्धनको विकल्प अहिले नै खोजिएको छैन । सरकारका मन्त्रीहरूको कामप्रति स्वयं प्रधानमन्त्रीसमेत सन्तुष्ट नभएर मन्त्रीहरू फेरबदलको तयारीमा थिए । तर सत्ताको मुख्य सहयात्री दल नेपाली कांग्रेस मन्त्री फेर्ने विषयमा सहमत नहुँदा प्रधानमन्त्री ओली पछि हट्न बाध्य भए । यता कांग्रेसभित्र समेत किचलो त्यत्तिकै छ । पार्टीको १५औं महाधिवेशनको समय विधानअनुसार एक वर्ष थप्न सकिने भए पनि संविधानले दिएको सहुलियतसमेत उपयोग गर्नेगरी शीर्ष नेताहरु लागेको देखिन्छ । यिनै विषयमा नेपाली कांग्रेसकी केन्द्रीय सदस्य समेत रहेकी प्रतिनिधिसभाको कृषि सहकारी तथा प्राकृतिक स्रोत समितिकी सदस्य प्रतिमा गौतमसँग मध्यान्ह दैनिकका लागि जीवन शर्माले गरेको कुराकानीको सम्पादित अंश :

**कृषि सहकारी तथा प्राकृतिक स्रोत समितिको सदस्य हुनुहुन्छ । यस समितिमा कुन कुन विधेयक छलफलका क्रममा छन् ?**

अहिले तत्काल भूमि विधेयक छलफलमा आइरहेको छ । जुन सम्बन्धित सरोकारवाला निकायहरूसँग छलफलमा क्रममा छ । यो विधेयक अलि महत्वपूर्ण विधेयक र सर्वाधिक चासोको पनि विषय भएकाले सबैको सहमतिमा अघि बढाउने प्रयासमा छौं । धेरै नै सेन्सेटिभ इस्युहरू यसमा भएको हुँदा अहिले समितिले अलि गम्भीर ढंगबाट छलफल चलाउनुपर्छ भन्ने दृष्टिकोणमा छलफल चलाइरहेको छ । सबै सरोकारवालालाई पनि बोलाएर यसमा निरन्तर बहस चलाइरहेका छौं । दफाबार छलफल क्रममा छौं र यसलाई छिटै टुंगो लगाएर पठाउने योजना समितिले बनाएको छ ।

**यो विधेयक संसदको यही अधिवेशनमा पेस गर्न सकिन्छ ?**

यसमा केही कुराहरू मिलाउनुपर्ने पनि छन् । हामीलाई अहिले निजामती ऐनको 'कुलिङ पिरियडवाला' विषय जसरी आयो यसले धेरै नै झस्काएको छ । त्यसकारणले समितिका सबै सदस्य, पदाधिकारी, सभापतिलगायत माननीय विधेयक बनाउँदाखेरि बाहिरी प्रभावबाट मुक्त हुनुपर्छ र भित्री चलखेलबाट पनि सजग हुनुपर्छ भन्नेमा छौं । दुई/चार दिन ढिलो चाँडोको कामै कुरा भएन, त्यस्ता संशय देखिएको खण्डमा हामी अत्यन्तै मसिनो ढंगबाट अध्ययन गरेर मात्रै लैजान्छौं । विधेयकहरू बन्दाखेरि यसले पार्ने दूरगामी प्रभावलाई ध्यानमा राखेर कसरी समृद्ध, जनमुखी बनाउन सकिन्छ भन्ने विषयमा व्यापक छलफल गर्नुपर्नेहुन्छ । हामीले अहिले विधेयक बनायौं फेरि केही दिनमै त्यो विधेयकले नकारात्मक प्रभाव पार्‍यो भन्ने किसिमका कुरा हामीले सुन्न नपरोस् । भूमि विधेयक सन्दर्भमा कतिपय विषय अदालतसम्म पनि जोडेर आदेश आएका विषय छन् । यी सम्पूर्ण विषयमा हामी अलि सूक्ष्म ढंगबाट हेरेर अगाडि बढ्न चाहन्छौं । त्यसकारणले थोरै समय लिएको मात्रै हो । तर, करिबकरिब धेरै कुरामा सहमतिको बिन्दुमा पुगेको छ । समितिले सकेसम्म यो विधेयकलाई सबै माननीयज्यूहरूको सर्वसहमतिबाटै पास गर्ने योजनामा छौं ।

**यो विधेयकमा समेटिएका मुख्य विषयवस्तु के हुन् ?**

भूमि विधेयकमा खासगरी वनसँग सम्बन्धित छ र सुकुमबासी दलित अव्यवस्थित बसोबासीको कुरा छ । हिजो जुन प्रयोजनका लागि लिएको जग्गा हो त्यो प्रयोजनभन्दा बाहिर गएर बिक्रीवितरण गर्न नपाउने व्यवस्था गरिएको छ । जुन प्रयोजनका लागि लिएको त्यही प्रयोजनका लागि नै कायम हुनुपर्छ भन्ने विषय छन् । संसदमा पशुसम्बन्धी अर्को विधेयक दर्ता भएको छ र त्यो छलफलमा आउँदै छ । त्यो विधेयक पनि यही कृषि समितिले नै हेर्छ । भूमि विधेयकमा भूमिहीन दलितका कुरा छन्, सुकुमबासीका कुरा छन्, घरजग्गा अपार्टमेन्ट व्यापारीहरूका कुरा छन्, वन क्षेत्रका कुराहरू समेटिएका छन् ।

**नेपाल कृषिप्रधान देश भनिन्छ तर जहिले पनि मल बिउकै समस्या हुन्छ यसमा समितिले सरकारलाई कसरी जवाफदेही बनाइराखेको छ ?**

यस विषयमा पटकपटक समितिले सरकारलाई निर्देशन दिएको छ । सचेत पनि गराएको छ । जनताले सर्वसुलभ ढंगबाट मलखाद प्राप्त गर्नुपर्छ भनेर पटकपटक सम्बन्धित मन्त्रीको ध्यानाकर्षण गराएको छ । अप्ठ्यारालाई मन्त्रालयले सहजीकरण गरेर कृषकका घरमा सहज रूपमा मल र बिउ पुग्नुपर्छ भनेर निर्देशन गरेको छ ।



**सरकारको कार्यशैलीको समीक्षा चाहिँ कसरी गर्नुभएको छ ?**

सुरुवाती चरणदेखि नै यो सरकार आक्रमणको चपेटमा परेको थियो । दुई ठुला दल मिलेर बनेको यो सरकारलाई बाहिर रहेका पार्टीले आक्रमणको ढंगबाट लागिरहनुभएको अवस्था छ । यद्यपि सरकारले एकदमै धुनधान नै राम्रो काम गर्न सकेको छैन । तर एकदमै काम गर्दै गरेको छैन भन्ने कुरामा पनि होइन । तर दुई पार्टी मिलेर संविधान संशोधनको कुरालाई महत्वपूर्ण बुँदाका रूपमा राखेर सहमति गरिएको विषय कहाँ पुग्यो भनेर हामीले प्रश्न गर्न सक्छौ ।

**सेवा प्रवाह, भ्रष्टाचार न्यूनीकरण र सुशासनको पाटोमा चाहिँ सरकार सफलै छ भनेर भन्न खोज्नुभएको हो ?**

यस्तो सफल भनेर सफल भन्ने कुरा भएन । अझै पनि धेरै कुरा सुधार गरेर लैजानुपर्नेछ । नेपालमा सुशासनका प्रभावहरू जुन ढंगबाट देखिनुपर्ने हो त्यो हुन सकेको छैन । भ्रष्टाचार न्यूनीकरणमा जति प्रयास हुनुपर्थ्यो त्यो तलदेखि नै अझै दर्बिलो ढंगबाट उठाउन सकिएको छैन । सरकारले गर्नुपर्ने डेलिभरी अझै सशक्त ढंगबाट होस् भन्ने चाहना आमनागरिकको पनि छ । हाम्रो पनि छ ।

**प्रधानमन्त्री आफूसँगको कार्य कार्यसम्पादन मूल्यांकन सम्झौताअनुसार परिणाम नदिएका मन्त्रीहरु फेर्नुपर्छ भनेर लाग्नुभएको छ । तर कांग्रेसले त्यसमा सहमति नदिएर रोकिएको छ । कांग्रेसले किन रोक्नुपरेको ?**

हामीले मन्त्रीहरूको कार्यसम्पादनका लिस्टहरू पनि हेरेका थियौं । उहाँहरूलाई मन्त्रालय बुझ्न पनि समय चाहिन्छ । केही नयाँ काम गरौं भन्दा पनि केही कुराहरू बुझ्नुपर्छ । तर, उहाँहरूले प्रयास त गर्नुभएकै होला । अझै सरकारको भूमिका प्रभावकारी सशक्त हुनुपर्छ भन्ने कुरामा हामी छौं । मन्त्रीहरू एक सवा एक वर्षको अवसर प्राप्त भयो । यो समयमा काम देखाउन नसकेका मन्त्रीका ठाउँमा नयाँ मान्छेलाई पनि ल्याउन सकिन्छ । यसमा संयुक्त सरकार भएकाले अर्को दलको पनि सहमति नभइकन हुन सक्ने कुरा भएन । नेपाली कांग्रेसका नेता पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाको केही समय साथीहरूलाई काम गर्ने समय प्रदान गर्नुपर्छ भन्ने धारणा छ । अलिकति समय दिएर उहाँले अझै सुधार गर्न सकिन्छ कि भन्नेमा हुनुहुन्छ जस्तो लाग्छ ।

**पार्टीको क्रियाशील सदस्यता नवीकरण वितरणको प्रक्रिया कहाँ पुगेको छ ?**

कतिपय ठाउँको सदस्यता चाहिँ क्रमशः आइरहेका छन् । कांग्रेस पार्टी कार्यालय र क्रियाशील सदस्य छानबिन समितिले काम गरिरहेका छन् । कतिपय ठाउँमा तल्लो तहकै साथीहरूले बुझाउन नभ्याएर अलि अलमल भएको र जिल्ला कार्यसमितिले पठाइसकेको अवस्था छैन । एकदम टाइट गरेर पठाउनेभन्दा पनि जिल्लाका साथीहरूलाई तपाईंले छिटो पठाउनुस् भनेका छौं । केही जिल्ला क्षेत्रमा देखिएका विवादलाई सुल्झाउन पार्टीले जिम्मेवारी पनि तोकेको छ । बारा, पर्सा, रौतहटलगायत विवाद भएका जिल्लाहरूमा पार्टीले शीर्ष नेतृत्व खटाएर त्यसलाई सुल्झाउने काम गरेको छ ।

**१५औं महाधिवेशनको मिति सारेर विधानले दिएको एक वर्ष र संविधानले दिने ६ महिनाको सहुलियतसमेत प्रयोग गर्ने नेताहरुले अभिव्यक्ति दिँदै छन्, यसमा तपाईंको धारणा के छ ?**

मलाई चाहिँ के लाग्छ भने एक वर्ष थप्न पाउने हाम्रो विधानको अधिकार चाहिँ प्रयोग हुन्छ भन्ने लाग्छ । किनभने कांग्रेसको इतिहासलाई हेर्दा त्यो देखिन्छ । तर त्यसभन्दा पछाडि संविधानले दिएको ६ महिनालाई टेकेर जानुहुन्न । त्यो भनेको हाम्रो लागि घातक हुन्छ । संवैधानिक सहुलियतसमेत उपयोग गर्ने हो भने त चुनाव आइसकेको हुन्छ । एकदमै गलत हुन्छ । पार्टीभित्रको आन्तरिक प्रतिस्पर्धाको झलक फेरि निर्वाचनमा देखिन सक्छ त्यसले कांग्रेसलाई ठुलो क्षति पुर्‍याउँछ ।

**कांग्रेसमा पहिला विचार समूह दुईवटा मात्रै बलिया थिए । अहिले ती दुईवटाबाट धेरै समूह भइरहेको अवस्था होइन ?**

हैन त्यो त राम्रो कुरा हो । समूह हुनुपर्‍यो नि । जात गोत्र थर लिएर बस्या जस्तो ठ्याक्कै परिवर्तन नै हुँदैन भन्या जस्तो गर्नुभएन । विचार एजेन्डाका आधारमा आफूलाई को ठिक लाग्छ कसका विचार ठिक लाग्छन् कुन नीति ठिक लाग्छ, त्यसअनुसार सपोर्ट गर्ने गुट बन्ने हो नि त । मैले बुझेंअनुसार हिजो ७४ र ३६ को ठुलो गुट थियो । त्यसले पार्टीलाई ठुलो घाटा लाग्यो । अन्ततः पार्टी फुटको संघारमा पुग्यो । हामीले त्यो पीडा भोगेका छौं । त्यसकारणले यो पार्टी हिजो देखिरहेका समूह परिवर्तन हुँदै आइरहेका छन् । एउटै समूह स्थायी रूपमा रहन्छन् भन्ने छैन । हरेक अधिवेशन सँगसँगै नयाँनयाँ समूह बनेर हिँडिरहेको इतिहास पनि कांग्रेसमा देखिरहेको छ । अधिवेशन सँगसँगै नयाँनयाँ समूहहरू बनेर जानुपर्छ । जुन समूहहरू स्थायी एउटा संस्थाजस्तो देखेर पार्टीभित्र रहनुहुन्न भन्ने मेरो पनि भनाइ छ । नेतृत्वमा जाने होडबाजी पार्टीभित्र मात्र सीमित हुनुपर्छ । जनतामा जाने बेलामा पार्टी अफिसकै चार घेराभित्र छोडेर हामी जान सकेनौं भने कांग्रेसले पनि धेरै ठुलो चुनौती बेहोर्नुपर्ने स्थिति छ । त्यो कुरा त पार्टीका साथीहरूले, नेताहरूले बुझ्न जरुरी छ ।

**अन्तमा केही छ ?**

यसपटकको अधिवेशनमा युवाहरूलाई नै नेतृत्वमा ल्याउनुपर्छ भन्ने जनताहरूको माग पनि छ । युवाहरूको माग पनि छ । र अब नयाँ आएका चुनौतीलाई पनि ती युवाहरूले नै सम्बोधन गर्न सक्छन् भन्ने कुरामा हामी सबै जना कन्भिन्स छौं । अबको बेला उही म्युजिकल चियर जस्तो पुरानै अनुहार पुरानै प्रवृत्तिले हुँदैन । कांग्रेसलाई छलाङ मार्ने एउटा नयाँ विचार र नवीन सोचमा अगाडि बढाउने युवाहरूलाई नेतृत्वमा अगाडि बढाउनुपर्छ भन्नेछ ।


## शिक्षा ऐनमा सबैको भावना समेटिनेछ : मुख्यमन्त्री आचार्य

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
बुटवल, ३१ साउन

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले संघीय सरकारले बनाउन लागेको शिक्षा सम्बन्धी ऐनमा सबै पक्षको भावना समेटिने विश्वास व्यक्त गरेका छन् ।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) लुम्बिनी प्रदेश समितिका प्रतिनिधिहरूसँग शनिबार बुटवलमा भएको छलफलका क्रममा मुख्यमन्त्री आचार्यले शिक्षा क्षेत्रका छुटेका र अपुग विषयहरूलाई समावेश गर्दै शिक्षा ऐन र कानूनमा सबैको भावना प्रतिविम्बित हुने विश्वास व्यक्त गरे ।

सो अवसरमा लुम्बिनी प्रदेश प्याब्सनका अध्यक्ष लालहरि पाण्डे र सचिव कृष्णप्रसाद शर्माले मुख्यमन्त्रीलाई ज्ञापनपत्र बुझाउँदै शिक्षा ऐन संशोधनमा निजी क्षेत्रको योगदान र अस्तित्वलाई बेवास्ता गर्न नहुने भन्दै



पहल गर्न आग्रह गरे ।

ज्ञापनपत्रमा नेपालको समग्र शिक्षा प्रणालीमा निजी क्षेत्रले पुर्‍याएको योगदान, विगतका उतारचढाव, कानुनी अव्यवस्था तथा सरकारले ल्याउन लागेको 'विद्यालय शिक्षा सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक २०८०' का केही प्रावधानबारे गम्भीर ध्यानाकर्षण गराइएको छ ।

प्याब्सनले २०४७ सालपछि शिक्षा क्षेत्रमा निजी लगानी तीव्र गतिमा अघि बढेको, हाल देशभर करिब ४ लाख रोजगारी सिर्जना गरेको र झन्डै ३४ लाख ५० हजार विद्यार्थीलाई गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको तथ्य प्रस्तुत गरेको छ । तर, राज्यले निजी विद्यालयलाई नियमनको सट्टा नियन्त्रणतर्फ झुकाव राख्दा अस्थिरता सिर्जना भएको भन्दै असन्तोष व्यक्त गरिएको छ ।

ज्ञापनपत्रमा विधेयकले निजी विद्यालयलाई क्रमशः गैरनाफामूलक बनाउनुपर्ने प्रावधान, पूर्ण छात्रवृत्ति, परीक्षा शुल्क, पोशाक, यातायात लगायतका सेवाहरू निःशुल्क उपलब्ध गराउनुपर्ने प्रावधान कम्पनी ऐनको भावना विपरीत रहेको उल्लेख गरिएको छ । यस्तो कानुन लगानीविरोधी, पूर्वाग्रही र निजी विद्यालयलाई अस्तित्व संकटमा पार्ने खालको भएको भन्दै आपत्ति जनाइएको छ ।

प्याबसन लुम्बिनीले तत्काल सच्याउनुपर्ने विषयमा चार बुँदे मागसमेत राखेको छ । तीमध्ये निजी विद्यालयलाई गैरनाफामूलक बनाउने भन्ने वाक्यांश हटाउनुपर्ने, पूर्ण छात्रवृत्ति भन्ने शब्द हटाउनुपर्ने, हाल अभ्यासमा रहेको जम्मा विद्यार्थी संख्याको १० प्रतिशत छात्रवृत्ति दिने प्रावधानलाई निरन्तरता दिनुपर्ने, र छात्रवृत्ति अन्तर्गत भर्ना शुल्क, वार्षिक शुल्क तथा मासिक पढाइ शुल्क कायम गर्नुपर्ने माग राखिएको छ ।

## मेला उद्घाटनमा झडप हुँदा नगरप्रमुखसहित तीन जना घाइते

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, ३१ साउन

रौतहट देवाही गोनाही नगरपालिका-९ धरहरीमा आयोजित श्रीकृष्ण जन्माष्टमी मेलामा उद्घाटनको विषयलाई लिएर दुई पक्षबीच झडप भएको छ । श्रीराम जानकी ब्रह्माबाबा मठमा आयोजना गरिएको मेलामा मेयर प्रेमलाल साह र स्थानीय रामबिनोद साह पक्षबीच विवाद उत्पन्न हुँदा झडप भएको हो । मेयर साह मठ परिसरमा मेलाको उद्घाटन गर्न पुगेपछि रामबिनोद साह पक्षले विरोध गर्दै उद्घाटन हुन नदिने अडान लिँदा दुबै पक्षबीच झडप भएको हो ।



झडप नियन्त्रण गर्ने क्रममा मेयर साहसहित इलाका प्रहरी कार्यालय देवाही गोनाहीका प्रहरी जवान धन सुन्दर ठाकुर र जगदिश यादव पनि घाइते भएका छन् । घाइतेहरूको उपचार गरुडास्थित एक निजी अस्पतालमा भइरहेको प्रहरीले जनाएको छ ।

घटनामा संलग्न रहेको आरोपमा रामबिनोद साह, उनका करिब १६ वर्षीय छोरा ऋतिक साह र भाइ राधामोहन साहलाई प्रहरीले नियन्त्रणमा लिएको छ । पक्राउ परेका तीनै जना इलाका प्रहरी कार्यालय गरुडाको नियन्त्रणमा छन् भने घटनाबारे थप अनुसन्धान भइरहेको जनाइएको छ ।

# 'बलिदान'को टिजर : बदलाको कथा, विद्रोहको प्रतीक

**काठमाडौं/मस–** दसैंको फूलपाती (असोज १३) बाट प्रदर्शनमा आउन लागेको बहुप्रतीक्षित नेपाली फिल्म 'बलिदान'को टिजर सार्वजनिक गरिएको छ। श्रीकृष्ण जन्माष्टमीको अवसर पारेर शनिबार सार्वजनिक गरिएको करिब दुई मिनेट लामो टिजरले एक्सन, संवेदना, क्रोध, बदला र देशभक्तिको मिश्रण प्रस्तुत गरेको छ।

सन्तोष सेनको निर्देशनमा तयार भएको फिल्मको टिजरले बदलाको कथा चित्रण गर्छ। टिजरको सुरुवातमा अभिनेता विराज भट्टको भ्वाइसओभर सुन्न सकिन्छ, जसमा देशको एक हिस्सा बैरीहरूको निशानामा परेको र उनीहरूलाई रोक्न असम्भव भएको उद्घोष छ। त्यसको पृष्ठभूमिमा सौगात मल्ललाई मसाल बोकेर दृढ अडानका साथ उभिएको देखाइएको छ।

टिजरमा अर्पण थापालाई राजनीतिज्ञको भूमिकामा देखाइएको छ भने हेमन्त बुढाथोकी राजसी पहिरनमा प्रस्तुत छन्। उनले कालीमाताको चरणमा रगत चढाउँदै धेरै समय बिताएको र अब आफू राजा बन्न जन्मिएको उद्घोष गर्दै गरेको संवादले उनको सत्ताप्रतिको लालसा प्रस्ट पारेको छ।



अभिनेत्री ऋचा शर्मा टिजरको भावनात्मक केन्द्र बनेकी छन्। उनी कालीमाताको मूर्ति अगाडि उभिएर भावुक मुद्रामा भन्छिन्, 'के यो धर्तीमा अब त्यस्तो युगपुरुष जन्म हुन्न, जसले ती राक्षसहरूको घाँटी रेटोस्?' उनको संवादसँगै टिजरमा मुख्य नायक समीर भट्टको प्रवेश हुन्छ।

समीरलाई टिजरमा 'एक्सन किङ'को उपाधि दिइएको छ। उनका शक्तिशाली द्वन्द्व दृश्यले टिजरलाई अझ प्रभावशाली बनाएको छ।

निर्देशक सन्तोष सेन आफैंलाई आदिवासी पात्रको रूपमा टिजरमा प्रस्तुत गरेका छन्। त्यस्तै, फिल्मका अर्का कलाकार प्रेम पुरी प्रहरीको भूमिकामा देखिएका छन् भने कोरियोग्राफर सुनिल क्षेत्रीलाई पनि आदिवासी पात्रमा प्रस्तुत गरिएको छ।

टिजरका दृश्यहरूले गाउँमा हुने अन्याय र अत्याचारलाई रोक्न उदाएका नायकको संघर्षलाई उजागर गर्छन्। यसले फिल्मप्रति दर्शकको अपेक्षा र उत्साह बढाएको छ।

टिजर सार्वजनिक गर्दै निर्देशक सेनले 'बलिदान' केवल फिल्म नभई हरेक नेपालीको मनको विद्रोहको प्रतीक भएको बताए। उनले भने, 'तीन वर्षको रगत-पसिना, माटोको सुगन्ध र किनारिएका आवाजको पीडाबाट जन्मिएको बलिदान अब केवल चलचित्र होइन, यो न्यायको विस्फोट हो।'

आसुसेन फिल्म्स प्रालिको ब्यानरमा निर्माण भएको फिल्ममा पवन ब्राडफोर्ड बिस्ट निर्माता र प्रेम पुरी कार्यकारी निर्माता छन्। फिल्ममा दर्शन जीको लेखन, महेश पौडेलको छायांकन, सुजन चापागाईंको संगीत निर्देशन तथा स्टन्ट निर्देशक साम र श्री श्रेष्ठको द्वन्द्व निर्देशन रहेको छ। 'बलिदान'ले बक्स अफिसमा उच्च व्यापार गर्ने अनुमान गरिएको छ।

# 'मेरो जुत्ता खोइ'को पहिलो गीत सार्वजनिक



**काठमाडौं/मस–**कुमार केसीको निर्देशनमा बनेको फिल्म ८८'मेरो जुत्ता खोइ'८८को पहिलो गीत 'दिलको ढोका खोलेर' सार्वजनिक भएको छ। गीतमा राजेशपायल राई र मेलिना राईको स्वर, डा. ओमकृष्ण प्रसाईंको शब्द, विकास चौधरीको संगीत तथा सञ्जय हमालको एरेन्ज छ।

कमल राईको कोरियोग्राफीमा बनेको भिडियोमा फिल्मका मुख्य कलाकार प्रशान्त मुखिया र रचना शिवाकोटीलाई विवाहको परिवेशमा प्रस्तुत गरिएको छ। भिडियोमा प्रशान्तले रचनासँग विवाह गर्ने इच्छा देखाएका छन् भने रचनाले आफूलाई पाउने रहर नगर्न भनिदिएकी छन्। फिल्ममा सुरवीर पण्डित, रोहन सेन्चुरी, प्रशान्त मुखिया, रचना शिवाकोटी, अचला अधिकारी, अभय अधिकारी, पिटर खवास, लानाम डोर्जे लामा, कृष्ण सुवेदी, दीपेन्द्र सुब्बा, तुलसा शर्मालगायत कलाकारको अभिनय छ। अनुग्रह फिल्मस, बुलाकी इन्टरटेनमेन्ट र मुखिया फिल्मसको संयुक्त ब्यानरमा बनेको फिल्मका प्रस्तुतकर्ता अभय अधिकारी हुन् भने निर्मातामा प्रितम मुखिया र अभय अधिकारी रहेका छन्। फिल्मको कार्यकारी निर्माता रोहन सेन्चुरी (डम्बरबहादुर विश्वकर्मा) हुन्।


## ऋण चुक्ता गर्न आउने ३५ दिने सार्वजनिक सूचना


**प्रथम पटक प्रकाशित मितिः २०८२/०५/०१**

यस संस्थाको तपशीलमा उल्लेखित तपाईको ऋण भाखा भित्र नतिरी संस्थाबाट पटक-पटक भएको मौखिक एवम् लिखित तर-ताकेता गर्दा पनि ऋण भुक्तानीको लागि पहल नगरी आलटाल गरी बस्नु भएकोले संस्थामा ऋण तिर्न बुझाउनका लागि यो ३५ दिने प्रथम सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र संस्थामा तिर्न बुझाउन पर्ने रकम दाखिला हुन नआएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियम तथा ऋण लिँदाको बखत संस्थामा गरेको ऋण तमसुक सर्त कबुलियतनामा बमोजिम तपाईले संस्थाको नाममा लेखाएर दिएको (दृष्टिबन्धक रोक्का) धितो लिलामीको प्रक्रिया अपनाएर धितो लिलामी गरी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा जानकारी गरिन्छ। साथै संस्थाको साँवा, व्याज र हर्जना असुलीको सिलसिलामा उक्त कार्य सम्पन्न गर्ने क्रममा आएका अन्य खर्च समेत तपाईबाट लेना रकम सरह असुल उपर गर्ने व्यहोरा पनि जानकारी गराउँदछौं। सो प्रक्रियाबाट संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा तपाई ऋणी तथा धनजमानत दिनेको घर-घराना, चल-अचल सम्पत्तिबाट प्रचलित कानून-वमोजिम असुल उपर गरिने व्यहोरा समेत सम्बन्धित ऋणी तथा धन जमानीलाई यसै सूचनद्वारा जानकारी गराइन्छ।

| क्र. सं. | ऋणीको तीनपुस्ते विवरण | धितोको विवरण |
|---|---|---|
| १ | ऋणी : हरि बहादुर खनाल<br>बुबा : राम बहादुर खनाल<br>बाजे : शिवलाल खनाल<br>ठेगाना : धुलिखेल ११, काभ्रेपलान्चोक | काभ्रेपलान्चोक पाल्लेखेत<br>वडा नं ८ कि.न. ११०२<br>क्षेत्रफल : ३-१४-२-२ |

Suruwat
**सुरुवात बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
मैतिदेवी, घट्टेकुलो, काठमाडौं । फोन ०१-४७७०५७७, ४७७०५६६


# 'कहाँ गयौ तिमी' निर्माण घोषणा




**काठमाडौं/मस–** नेपाली चलचित्र क्षेत्रमा नयाँ प्रेमकथामूलक फिल्म आउने भएको छ। सहारा फिल्म्सको ब्यानरमा निर्माण हुने चलचित्र 'कहाँ गयौ तिमी'को शनिबार विशेष दिन श्रीकृष्ण जन्माष्टमीको अवसर पारेर औपचारिक घोषणा गरिएको हो।

फिल्मको निर्देशन फिरोज तिमलसेना गर्नेछन्। टेलिभिजन कार्यक्रम सञ्चालनदेखि रियालिटी शो निर्माणमा सक्रिय फिरोज पहिलोपटक ठूलो पर्दामा निर्देशकका रूपमा डेब्यू गर्न लागेका हुन्। उनले यसअघि नेपाल आइडल सिजन-१ मा रियालिटी प्रोड्युसर तथा एपिसोड डिरेक्टरको रूपमा काम गरेका थिए भने 'द भ्वाइस अफ नेपाल' का फाउन्डर, क्रिएटिभ हेड र चिफ एडीलको जिम्मेवारीसमेत सम्हालेका थिए। उनी 'दर्पण छाया-२'मा अभिनय गरिसकेका कलाकार तथा गायकसमेत हुन्। पेशाले इन्जिनियर रहेका फिरोज हाल अमेरिकामा बस्दै आएका छन्।

फिल्मको शीर्षक नामले प्रेमकथाको आभास दिलाए पनि निर्माणपक्षले विस्तृत कथा खुलाएका छैनन्। तर सार्वजनिक गरिएको टाइटल पोस्टरले भने कथावस्तु झल्काउने संकेत गरेको छ।

पोस्टरमा कालो बादलमुनि एकलासमा रहेको घर र रूख चित्रित छ, जसले छोडिएको मायाको पीडा, एक्लोपन र भावनात्मक उथलपुथललाई व्यक्त गरेको देखिन्छ। टाइटलमा प्रयोग भएको कालो र रातो रंगले शंका, आशा, विछोड र पुनर्मिलनबीचको प्रेमकथालाई फिल्मले बुन्ने अनुमान लगाइएको छ।

फिल्मको कथा जीवन आचार्यले लेख्ने भएका छन् भने संगीत प्रकाश नेपालीले दिनेछन्।

हालसम्म फिल्मका कलाकार र निर्माता सार्वजनिक गरिएको छैन। निर्देशक तिमलसेनाका अनुसार छायांकन, प्रदर्शन मिति तथा अन्य टिमबारे चाँडै घोषणा गरिनेछ।

फिल्मको घोषणा गर्दै निर्देशक फिरोजले सामाजिक सञ्जालमार्फत आफू भावुक बनेको उल्लेख गरेका छन्। उनले लेखेका छन्, 'शब्द र भावना भनेको घरमा काम लाग्छ भनेर जतन गरी राखेको सियो जस्तो रहेछ, चाहिने बेला कहिले फेला पर्दैन। आज सिनेमा निर्देशनमार्फत नयाँ यात्राको सुरुवात गर्दा खुशी र जिम्मेवारी दुवै महसुस भएको छ। सम्पूर्ण टिमप्रति कृतज्ञता प्रकट गर्दै आगामी दिनमा फिल्मबारे थप जानकारी दिने प्रतीज्ञा गर्दछु।'

यसरी औपचारिक घोषणा भएसँगै 'कहाँ गयौ तिमी' नेपाली दर्शकमाझ नयाँ प्रेमकथाको स्वरूपमा आउने अपेक्षा गरिएको छ।


## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड
थानकोट शाखा, काठमाडौंको

### बचत र लकर डिपोजिट उपर ३५ (पैंतिस) दिने हकदाबी सम्बन्धि सूचना

**प्रकाशित मितिः २०८२/०५/०१**

श्री धन लाल मानन्धर/श्रीमती पुन्यवती मानन्धरको नाति, श्री न्हुछे नारायण मानन्धर /श्रीमती दास माया मानन्धरको छोरा, श्रीमती लक्ष्मी कुमारी मानन्धर को पति, काठमाडौं जिल्ला महादेवस्थान वडा नं.०७ को (परिवर्तित चन्द्रागिरी न.पा. वडा नं.०७) स्थायी ठेगाना भई हाल बागमती प्रदेश काठमाडौं जिल्ला चन्द्रागिरी न.पा. वडा नं. ०७ बस्ने श्री सुर्य नारायण मानन्धर (ना.प्र.नं ६२६९/१८९४ जारी मिति २०३५/०३/१९ जि.प्र.का. काठमाडौं) को नाममा यस बैंकको शाखा कार्यालय थानकोट शाखा बाट बचत खाता नं. ०८१०१०००००१९१०४१ उपभोग गरी आउनु भएकोमा निजको, पत्नि लक्ष्मी कुमारी मानन्धर (ना.प्र.नं ३४०० जारी मिति २०४६/०७/०९ जि.प्र.का. काठमाडौं) ले श्री सुर्य नारायण मानन्धरको मिति बि सं २०७८/०२/१० गते मृत्यु भएको भनी मृतकको हकवाला पत्नि नाताको लक्ष्मी कुमारी मानन्धरले यस बैंकमा रहेको उक्त बचत खाता र लकर खाता उपर आफ्नो हक कायम गरी पाऊँ भनी मिति बि.सं. २०८१/११/०१ मा आवश्यक कागजात सहित यस बैंकको थानकोट शाखामा निवेदन दिनु भएको हुदां निज मृतकको नाममा यस बैंकमा रहेको बचत खातामा निवेदक बाहेक अन्य कोहि कसैको हकदाबी लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकार हकवालाले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस बैंकको थानकोट शाखा कार्यालयमा हकदाबी गर्न आउनु होला। सो म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा १११ बमोजिम निवेदकको नाममा हक कायम भै जानेछ र पछि कसैको कुनै उजुर लाग्ने छैन भनी सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

Citizens Bank

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

THE BANKER
BANK OF THE YEAR 2024
NEPAL



## युएईमा रोजगार

कम्पनीः CAPSA ENGINEERING AND CONTRACTING L.L.C.  शहरः UAE
पूर्व स्वीकृत मितिः २०८२/०४/३० चलानी नं.: ६०२४३२०८ L.T. No.: 329348

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | BRICKLAYER | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५६७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Electric equipment assembling worker | 5 | 0 | | 1200 | ४५६७२ | | | | | | | |
| 3. | ELECTRIC INSULATION EORKER | 5 | 0 | | 1200 | ४५६७२ | | | | | | | |
| 4. | INDUSTRIAL ELECTRICIAN | 10 | 0 | | 1500 | ५७०९० | | | | | | | |
| 5. | Wiring Electrical Assistant | 10 | 0 | | 1000 | ३८०६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ भदौ ८ गते (24 August 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

ALDHIA **Al Dhia Human Resource Consultants Private Limited Company**
Govt. License No: 1765/081/082
Sunamangal-9, Kathmandu Nepal, Tel 01-4111126, Email: aldhiahumanresource@gmail.com



## साउदीमा रोजगार

कम्पनीः Gheena Contracting Company  शहरः, Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८२/०४/३० चलानी नं.: ६०२४३२२१ L.T. No.: 329393

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Duty Driver (Truck) | 5 | 0 | स. काममा दक्ष | 1800 | ६७,०६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ ८ गते (24 August 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**अराउण्ड द वर्ल्ड सर्भिसेज् प्रा. लि.**
श्रम इजाजत नं.: १०३/०५४/०५५
कुलेश्वर, काठमाडौं, फोनः ०१-५३७२०८०, ५३०१३५९, Email : awsnepal@gmail.com



## UAE मा रोजगार

Company : Wasf Alqarya Technical Services
पूर्व स्वीकृती मितिः २०८२/४/२७ चलानी नं. ६०२४२८४७ LT No.: 328981

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 29 | 0 | [illegible] | 1100 | ४२,०५७१/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

यस कम्पनीको लागि Cleaner हरुको आवश्यकता भएको हुनाले निःशुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला।

अन्तरवार्ता २०८२ भाद्र ८ गते (24 Aug., 2025) यस प्रा. लि. को कार्यालय सामाखुसी काठमाडौंमा हुनेछ।

**अल-सहेली म्यानपावर प्रा. लि.**
सामाखुसी-२६, टाउनप्लानिङ (श्रेष्ठ प्लाजा), काठमाडौं फोनः ०१-४९८७७४० ४९८७३७२, ९८१८६१९७८० Email : alsahelimanpower2010@gmail.com



Government of Nepal (GoN)
## Ministry of Health & Population
## Bhaktapur Cancer Hospital
Dudhpati, Bhaktapur

### Invitation for Bids

**Date of publication: 2082/05/01**

**Bhaktapur Cancer Hospital (BCH)** invites electronic bids from eligible bidders for the following bids under NCB Procedure. Bidders may obtain further information from the PPMO web portal www.bolpatra.gov.np/egp

| IFB No. | Description | Document Fee | Bid Security |
|---|---|---|---|
| BCH/GOODS/ NCB/082/83/01 | Procurement of Anti -Cancer Drugs For Hospital Pharmacy | NRs. 10,000.00 | As mentioned in Tender Document |



## Invitation for Bids

Government of Nepal
## Gaindakot Municipality
## Office of Municipal Executive
Gaindakot, Nawalparasi (East)
Gandaki Province, Nepal

**Invitation for Bids No: 01/GM/NCB/2082-83 & 02/GM/NCB/2082-83**
**First Date of publication: 17th Aug 2025**

1. ***Gaindakot Municipality*** invites sealed bids or electronic bids from Nepalese eligible bidders for the **under-list job** under National Competitive Bidding procedures. The estimated amount for the works is **stated underneath.**
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Gaindakot Municipality, Office of Municipal Executive, Gaindakot Municipality, Nawalparasi (East), Gandaki, Province. Contact Number: 9768939237 or through email: gaindakotmun@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Sealed or Electronic bids must be submitted to the office ***Gaindakot Municipality, Office of Municipal Executive, Gaindakot Municipality, Nawalparasi (East), Gandaki, Province.*** through PPMO website *www.bolpatra.gov.np/egpon or before **12:00** Noon on 17th Sep 2025.* Bids received after this deadline will be rejected.
4. The Employer reserve the right to accept or reject, wholly or partly any or all the bids without assigning reason whatsoever.

**Summary of details, Bid Security and Bid fee**

| *Contract no./ID* | *Description of Works* | *Estimated Cost (without Vat and PS) NRs.* | *Bid Security Amount (Nrs.)* | *Bid Document Fee (NRs.)* | *Remarks* |
|---|---|---|---|---|---|
| *01/GM/ NCB/2082-83* | *Upgrading of Road located in Ward No 8 of Gaindakot Municipality* | *10,639,002.33* | *325,000/-* | *Rs. 3,000/-* | |
| *02/GM/ NCB/2082-83* | *Upgrading of different roads located in ward 1,2,4,5 and 7 of Gaindakot Municipality* | *15,999,629.20* | *500,000/-* | *Rs. 3,000/-* | |



## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०५/०१**

**यूरो ड्रिम्स ओभरसिज एजुकेशन**को मिति २०८२/०४/१९ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **जे. आर. के. इन्टरनेशनल एजुकेशन चितवन (दर्ता नं. ३५५८६२)** कायम गर्ने गरी मिति २०८२/०४/२० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



## कम्पनीको ठेगाना परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८२/०५/०१**

**ओपुलेन्स इस्थेटिक्स प्रा. लि. (प्रा.लि. नं. २६१७२३)** को मिति २०८१/११/०५ गतेमा सम्पन्न वार्षिक/विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविकको ठेगाना **काठमाण्डौ, टोखा न. पा. ६** लाई परिवर्तन गरि **काठमाण्डौ, का.म.न.पा. ५** कायम गर्ने गरी मिति २०८२/०२/२८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

आर्थिक
www.madhyanhadaily.com

गो.हु.का.द.नं. ३३/०६९/०७०
१ भदौ २०८२ आइतबार
17 August 2025 Sunday



**इ**न्जिनियर **पंकज जलान** अन्तर्राष्ट्रिय शिक्षा प्रदायक संघका संस्थापक अध्यक्ष हुन् । नेपालको आइटी क्षेत्रमा २५ वर्षदेखि अध्ययन गराइरहेको लर्डबुद्ध एजुकेसन फाउन्डेसनको अध्यक्ष समेत रहेका जलानले नेपालमा पहिलो आइटी कलेजमा खोलेका थिए । सिप र प्रविधिको विकास र नेपालको शिक्षा क्षेत्रलाई अन्तर्राष्ट्रियस्तरमा कसरी बनाउन सकिन्छ भन्ने विषयमा मध्यान्हका **छवि सापकोटा**ले कुराकानी गरेका छन् ।

# ‘विद्यार्थी भिसाको व्यवस्था गरे धेरै विदेशी विद्यार्थी पढ्न आउँछन्’

**पंकज जलान**, संस्थापक अध्यक्ष, अन्तर्राष्ट्रिय शिक्षा प्रदायक संघ

**नेपालमा उच्च शिक्षाका लागि आइटीको सम्भावना कस्तो छ ?**

नेपालमा उच्च शिक्षामा आइटी क्षेत्रको राम्रो सम्भावना छ । आइटी बाहेक पनि अन्य विषयमा उच्च शिक्षा अध्ययन गर्नको लागि हरेक स्तरको कलेजमा राम्रो पढाइ हुने गर्छ ।

तर, यहाँ विद्यार्थीलाई हामीले सचेत गराउनु पर्ने छ । अहिले विद्यार्थीको दिमागमा भने नेपालमा त जागिर नै पाइँदैन भन्ने भ्रम छ । विदेश गयो भने सजिलै जागिर पाइन्छ भन्ने छ । तर, वास्तविकतामा त्यस्तो अवस्था छैन । त्यहाँ पनि अवस्था गाह्रो नै छ । तर, अहिले प्राविधिक ज्ञान हुने हो भने पार्ट टाइम जागिर खोज्दा नेपालमा पनि हरेक क्षेत्रमा पाइन्छ ।

हाम्रा विश्वविद्यालयले पनि सिप अनुसारको शिक्षायुक्त विषय पढाएका छन् । अब पास हुनलाई पढ्ने समय होइन । पास फेलसँग मतलब भन्दा पनि सिपको खोजी हुन थालेको छ । सिप भयो भने मात्र बजारले स्वीकार गर्छ ।

**उच्च शिक्षामा विदेशी विद्यार्थी ल्याउनका लागि के गर्न सकिन्छ ?**

हामीकहाँ १९९८ देखि नै विदेशी विश्वविद्यालयको कार्यक्रम सुरु भएको हो । लर्डबुद्ध कलेज नेपालको पहिलो आइटी कलेज र पहिलो विदेशी विश्वविद्यालय सम्बोधन प्राप्त गर्ने कलेज पनि हो । पछिल्लो समयमा नेपालका धेरै कलेजले अन्तर्राष्ट्रिय स्तरको शिक्षा दिइरहेका छन् ।

तर, अन्तर्राष्ट्रिय स्तरको विद्यार्थी ल्याउनलाई सरकारले विद्यार्थी भिसा खोल्न आवश्यक छ । अहिलेसम्म त्यो अवधारणा नेपालमा छैन । विद्यार्थी भिसाको लागि निजी क्षेत्रका कलेज सञ्चालकले विगत तिन वर्षदेखि आवाज उठाइरहेका छन् । तर, कार्यान्यवन तथा सुनुवाइ भने भएको छैन । अन्तर्राष्टिय शिक्षा प्रदायक संघबाट प्रधानमन्त्रीदेखि शिक्षा मन्त्री नियामक निकाय सबैलाई ध्यानाकर्षण गराइरहेका छौँ ।

यसपालि चाहिँ सरकारले विद्यार्थी भिसा दिने भनेर बजेटमा त लेखेको छ तर, त्यसको नियमावली बनिसकेको छैन । नियमावली बनाउने र सबै देशबाट विद्यार्थी भिसा पाउने व्यवस्था गर्ने हो भने नेपाल उच्च शिक्षाको हब बन्न धेरै समय लाग्दैन । त्यसपछि हामीले स्टडी इन नेपाल क्याम्पेन सुरु गरेपछि नेपालमा उच्च शिक्षा अध्ययन गर्न विदेशी विद्यार्थी आउने सम्भावना निकै उच्च छ ।

**नेपाललाई शिक्षाको हब बनाउने कुरा गर्दा हाम्रो लक्षित विषय के हुन सक्छ ?**

हामी कहाँ विदेशी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कलेज समेत छन् । यस्तै विदेशी विद्यार्थी ल्याउन हामीले बुद्धकै जन्म भएको देश भएकोले बुद्ध अध्ययनको अभियान समेत सुरु गर्न सक्छौं ।

यहाँ बुद्ध विचारको ठूलो बजार छ । साउथ कोरिया, थाईल्याण्ड, कम्बोडिया, भियतनाम, श्रीलंकादेखि जापानसम्मका विद्यार्थी ल्याउन सकिन्छ । त्यसका लागि हामीकहाँ भएको शिक्षालाई मार्केटिङ गर्न आवश्यक छ । हामीले सरकारलाई भनेका पनि छौँ । तीन वर्ष भित्र पाँच देखि सात हजार विद्यार्थी नेपाल ल्याउछौँ भनेका छौँ । तर, समस्या नीति निर्मातामा नै छ ।

हामीले एउटा रोडम्याप बनाउन पर्छ । अब १०/२० वर्षको योजना बनाएर नेपालको उच्च शिक्षा कता लैजाने भन्ने बहस गर्न आवश्यक छ । सरकारले पहिलो त भिसाकै लागि काम गर्न आवश्यक छ ।

विद्यार्थीलाई भिसा निःशुल्क गर्ने वा उनीहरूको बसाइको लागि केही सहजता गराउने वा छात्रवृत्ति दिने भन्ने विषयमा स्पष्ट हुन आवश्यक छ । अर्को, स्टडी इन नेपालको अवधारणा ल्याएर सबै दूतावासमार्फत मार्केटिङ गर्ने वातावरण बनाउन सकिन्छ । उच्च शिक्षालाई नियमन गर्ने निकायको पनि आवश्यकता छ, जुन अहिले छैन । उच्च शिक्षा आयोगको कुरा आएको छ, त्यसलाई जति चाँडो ल्याउन आवश्यक छ ।

**नेपालको शिक्षा क्षेत्रको पूर्वाधार र जनशक्ति सक्षम छन त ?**

हाम्रोमा जुन जनशक्तिको कुनै कमी छैन । यहाँको शिक्षामा लगानी पनि ठूलो छ । पूर्वाधार बनाउनलाई समस्या छैन तर, सरकारको भिजन स्पष्ट हुन आवश्यक छ ।

निजी क्षेत्रको पूर्वाधार र लगानी सुरक्षित रहन्छ कि रहँदैन, भन्ने विश्वास सरकारले दिनुपर्यो । शिक्षामा लगानी गर्नलाई सरकारले कमसेकम एक तहको वातावरण बनाउन आवश्यक छ । अहिले जस्तो विद्यालय शिक्षामा वर्षौंदेखि विद्यालय चलाएर बसेको मान्छेलाई अब त गुठीमा जा, राष्ट्रियकरण गर्नु पर्यो भन्ने बहसले शिक्षामा कसले लगानी गर्छ ? सरकारले निजी क्षेत्रको लगानी जहाँ पनि हुन्छ त्यसलाई हामी सुरक्षित राख्छौँ र त्यसलाई हामी सम्मान गर्छौं भन्ने एउटा दृष्टिकोण बनाउन आवश्यक छ ।

आजको दिनमा भारत जस्तो देशले पनि विदेशी विश्वविद्यालयलाई ढोका खोलेको छ । अहिले आउनुस, लगानी गर्नुस्, कलेज खोल्नुस् भनिरहेका छन् । हाम्रोमा पनि त्यहाँ जाने विदेशी लगानी ल्याउन सकिन्छ ।

यहाँ हावापानी अति नै राम्रो छ । मलेसिया जस्तो देशमा १४० देशका मान्छे गएर बसेका छन् भने नेपालमा आउँदैन भन्ने हुँदैन । हाम्रो वातावरणले पनि सपोर्ट गर्छ । हामीकहाँ खान बस्न पनि सस्तो छ, हस्पिटालिटी राम्रो छ । आपराधिक क्रियाकलाप पनि एकदम कम छ । त्यति हुँदाहुँदै पनि हामीले विदेशी पर्यटक देखि विद्यार्थी ल्याउन सकेका छैनौं ।

**सरकारले विदेशी विद्यार्थी ल्याउने दिने हो भने नेपाललाई कस्तो फाइदा हुन्छ ?**

विदेशी विद्यार्थी नेपालमा अध्ययन गर्न आए भने नेपालका विद्यार्थी बाहिर जान पनि रोकिन्छ । उच्च शिक्षाबाट जीडीपीमा ठूलो योगदान प्राप्त गर्न सकिन्छ । तर, हामीकहाँ त्यसप्रति ध्यान नपुगेको देखिन्छ । हामीले ब्लक गरिरहेका छौँ ।

आजको उच्च शिक्षामा खुला नीति हुनुपर्छ । बरु नियमन गर्ने पारामिटर टाइट गरे हुन्छ नी । नियमन अलि कडा हुनुपर्यो तर, नयाँ मान्छे आउँछ भने त्यसलाई ढोका त खोल्दिनु पर्यो नी ।

## साउनमा सरकारको आम्दानी ८५ अर्ब, खर्च ४६ अर्ब




**काठमाडौं/मस-** चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो महिना सरकारले ८५ अर्ब १९ करोड आम्दानी गर्दा ४६ अर्ब ३० करोड खर्च गरेको छ। महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कअनुसार चालु आवको पहिलो महिना वार्षिक लक्ष्यको पाँच दशमलव ५६ प्रतिशत आम्दानी र दुई दशमलव ३६ प्रतिशत खर्च भएको हो ।

सरकारले चालु आवमा १५ खर्ब ३३ अर्ब ४४ करोड ६९ लाख राजस्व उठाउने लक्ष्य राखेको छ। साउन मसान्तसम्ममा कर राजस्वबाट ८० अर्ब ६७ करोडभन्दा बढी अर्थात् वार्षिक लक्ष्यको छ दशमलव ०९ प्रतिशत र गैरकर राजस्वबाट तीन अर्ब ७९ करोड ५० लाख अर्थात् वार्षिक लक्ष्यको दुई दशमलव ४६ प्रतिशत संकलन भएको विवरणमा उल्लेख छ । यस्तै, वैदेशिक अनुदानबाट ४२ करोड १९ लाख र अन्य प्राप्तिबाट ३० करोड ८९ लाख राजस्व सरकारी खातामा जम्मा भएको छ ।

यस वर्ष १३ खर्ब २५ अर्ब ५८ करोड ३९ लाख कर राजस्व, एक खर्ब ५४ अर्ब ४१ करोड ६१ लाख गैरकर राजस्व र ५३ अर्ब ४४ करोड ६९ लाख वैदेशिक अनुदान उठाउने सरकारको लक्ष्य छ ।

चालु आवका लागि १९ खर्ब ६४ अर्ब ११ करोड बराबरको बजेट ल्याइएकामा साउन मसान्तसम्ममा ४६ अर्ब ३० करोड ६१ लाख बराबर खर्च भएको छ। चालुतर्फ ११ खर्ब ८० अर्ब ९८ करोड बजेट विनियोजन भएकामा हालसम्म एक दशमलव ५६ प्रतिशत अर्थात् १८ अर्ब ४७ करोड ९८ लाख बराबर खर्च भएको महालेखाले जनाएको छ ।

यस्तै, पुँजीगत शीर्षकमा चार खर्ब सात अर्ब ८८ करोड ८० लाख विनियोजन भएकामा शून्य दशमलव १८ प्रतिशत अर्थात् ७२ करोड ६३ लाख मात्रै खर्च भएको छ । पहिलो महिनामा सवैभन्दा धेरै खर्च वित्तीय व्यवस्था शीर्षकमा भएको छ ।

चालु आवका लागि वित्तीय व्यवस्था शीर्षकमा तीन खर्ब ७५ अर्ब २४ करोड २० लाख बराबर विनियोजन भएकामा साउन मसान्तसम्म सात दशमलव २२ प्रतिशत अर्थात् २७ अर्ब १० करोड खर्च भएको छ ।

## ग्रामीण विकास लघुवित्तको ११औं वार्षिकोत्सवमा उत्कृष्ट ३८ महिला ऋणी सम्मानित



**विराटनगर/मस-** ग्रामीण विकास लघुवित्त वित्तीय संस्था, सञ्चालन तथा सुपरिवेक्षण कार्यालय विराटनगरले एघारौं वार्षिकोत्सव मनाएको छ ।

शुक्रबार संस्थाले ३८ जना उत्कृष्ट महिला ऋणी सदस्यलाई नगद पुरस्कारसहित सम्मान गरेको हो । साविकका पाँच क्षेत्रीय ग्रामीण विकास बैंकहरू २०७१ साउन ३० गतेदेखि ग्रामीण विकास लघुवित्त वित्तीय संस्थाको नामबाट एकीकृत कारोबार सुरु भएको थियो । हाल संस्थाले देशभर १८९ शाखामार्फत सेवा प्रदान गर्दै आएको छ । वार्षिकोत्सवको अवसरमा विराटनगर कार्यालय अन्तर्गतका ४२ वटा शाखाहरूबाट अनुशासित कारोबार गर्ने, कर्जा तथा बचतको सही सदुपयोग गरी उदाहरणीय व्यवसाय सञ्चालन गर्न सफल ३८ जना महिला सदस्यलाई सम्मान गरेको हो । संस्थाका विराटनगर कार्यालय प्रमुख गोविन्द प्रसाद ढुंगेलको सभापतित्वमा सम्पन्न भएको थियो भने नायव कार्यकारी प्रमुख दिपक प्रसाद पाण्डेले कार्यक्रमको उद्घाटन गरेका थिए ।

कार्यक्रमका प्रमुख अतिथि समेत रहेका पाण्डेले संस्था नाफामुखीभन्दा सेवामुखी भावनाले काम गरिरहेको बताए । उनले संस्थाको लक्ष्य, नीति तथा सदस्यहरूलाई थप सहजीकरण गर्न भविष्यमा लिइने रणनीतिबारे प्रकास पारेका थिए । कार्यक्रममा पुरस्कृत सदस्यहरूले संस्थाबाट प्राप्त सरल कर्जा र वित्तीय सेवाले आफ्नो आयआर्जन बढाउन र विगतको गरिबीबाट मुक्त हुन महत्वपूर्ण सहयोग पुगेको बताएका थिए ।

## ‘निजी क्षेत्रलाई रातो कार्पेट बिछ्याएर लगानी गर्ने वातावरण बनाउनुपर्छ’

**रुपन्देही/मस-** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले निजी क्षेत्रलाई रातो कार्पेट बिछ्याएर लगानी गर्ने वातावरण बनाउनुपर्नेमा जोड दिएका छन् । गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलको दिगो सञ्चालनबारे शनिबार सिद्धार्थ उद्योग वाणिज्य संघ, भैरहवाले आयोजना गरेको छलफलमा मन्त्री पाण्डेले निजी क्षेत्रलाई निषेध गर्न नमिल्ने उल्लेख गरे ।

उनले भैरहवास्थित गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल जसरी सञ्चालन गर्न लागि आफू लागेको पनि उल्लेख गरे । ‘विमानस्थल सञ्चालनको जिम्मा पनि निजी क्षेत्रलाई दिने विषयमा छलफल भएको छ’, उनले भने, ‘सुरक्षा, अध्यागमनलगायत विषय सरकार मातहत आउने भएकाले निजी क्षेत्रलाई आकर्षित गर्न सकिन्छ ।’

मन्त्री पाण्डेले गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलको प्रभावकारी सञ्चालन पर्यटनमन्त्रीको मात्रै चाहनाले सम्भव नहुने उल्लेख गर्दै सबै पक्षको सहयोग आवश्यक भएको बताए । उनले प्रधानमन्त्री केपी शर्मा ओलीको निकट भविष्यमै हुने भारत भ्रमणको क्रममा हवाई रुट परमिट, नेपालका दुई विमानस्थल सञ्चालनको विषय प्राथमिकताका साथ उठाउने गरी काम भइरहेको बताए ।

त्यस अवसरमा सिद्धार्थनगर नगरपालिकाका प्रमुख इस्तियाक अहमद खानले विमानस्थल सञ्चालन हुन नसक्नु दुःखद भएको बताए । काठमाडौंमा उडान चापले हवाईमार्ग अवरुद्ध भइरहँदा विमानलाई भैहरवामा अवतरण गर्ने वातावरण बनाउनुपर्नेमा जोड दिए ।

नेपाल उद्योग वाणिज्य महासंघका सदस्य राजेशकुमार अग्रवाल र सिद्धार्थ उद्योग वाणिज्य संघका निवर्तमानमा अध्यक्ष ठाकुरकुमार श्रेष्ठले भैरहवा र पोखरास्थित विमानस्थल निजी क्षेत्रलाई सञ्चालन गर्न दिनुपर्ने धारणा राखे ।

सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष नेत्रप्रसाद आचार्यले विमानस्थल चल्छ की चल्दैन ? भन्ने कुरा सरकारले प्रष्ट पार्न आवश्यक रहेको बताए । ‘हामीलाई सधैं निराशामा राख्न हुँदैन, विमानस्थल चलाउन सकिँदैन भने सक्दैनौं भन्नुपर्छ’, उनले भने ।

विमानस्थलका महाप्रबन्धक प्रतापबाबु तिवारीले यात्रुलाई थप सुविधा नदिँदासम्म विमानस्थल सञ्चालनमा कठिनाइ हुने बताए । ‘श्रम, भिसा र म्यानपावरका लागि काठमाडौं धाउन परेपछि यहाँ यात्रु किन आउँछन् ? पहिला यी समस्या समाधान गर्नुपर्छ’, उनले भने ।

उनले यसअघि केही समय उडान भरेका जजिरा र थाई एयर एसियाले ७७ प्रतिशत यात्रु पाउँदा नियमितता दिन नसकेको जनाए । तत्कालका लागि नेपाल एयरलाइन्सबाट भए नियमित उडान गर्नुपर्नेमा उनको जोड छ ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**